जि.प्र.का.झापा द.नं.६१। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



एमालेको मिडिया ट्रायल 'म झोले हो'

✍ खगेन्द्र कार्की

पृष्ठ २

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

अत्याधुनिक प्रविधिद्वारा उत्पादित

**नयाँ झापाली इटा बजारमा**

झापाली इटा

ठूलो साइजको ईटा उपलब्ध छ ।

सम्पर्कका लागि: दमक: ०२३-५८०५१४
**जनक कार्की** : ९८५२६७०१७४/९८०१४०१४४१
**भगवान बस्नेत** : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

❑ वर्ष-२० ❑ अंक - १५१ ❑ २०८२ जेठ २२ गते बिहीबार ❑ Thursday, 5 June, 2025 ❑ मूल्य ७ /-

**संक्षेप**

## यातायात क्षेत्रमा हड्ताल नगर्न सर्वोच्चको आदेश

**दमक/** सर्वोच्च अदालतले यातायात क्षेत्रमा हडताल नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ। बुधवार न्यायाधीश नित्यानन्द पाण्डेको एकल इजलासले अन्तरिम आदेशका लागि दुवै पक्षलाई छलफलमा बोलाउँदै हड्ताल नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो। जेठ १९ गतेदेखि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले गण्डकी प्रदेश सरकारले ल्याएको राइड सेयरिङ नियमवलीविरूद्ध देशव्यापी आन्दोलन सुरू गरेको थियो। उक्त आन्दोलन विरुद्ध अधिवक्ता विवेक पोखरेलले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

## विजुलीको पोलले लागेर एकको मृत्यु

काठमाडौं। ललितपुरको ठैवमा बिजुलीको पोल सार्ने क्रममा पोलले लागेर एक जनाको मृत्यु भएको छ। बुधबार गोदावरी नगरपालिका-१४ स्थित सरस्वतीटार टोलमा बाटो निर्माणको सिलसिलामा जेसिबीले पोल अड्याउन नसक्दा उक्त पोलले थिचिएर स्थानीय ५५ वर्षीय रमेश शाहीको मृत्यु भएको प्रहरीले जनाएको छ।

उक्त घटनापछि आक्रोशित स्थानीयले जेसिबीको दायाँपट्टीको सिसा फुटाइदिएका छन्। प्रहरीका अनुसार घटनास्थलमा ८०-९० जना स्थानीय जम्मा भएका थिए, प्रहरी टोलीले घटनालाई शान्त बनाउने प्रयास गरेको छ। मृतकको शवलाई परीक्षणका लागि पाटन हस्पिटल पठाइएको प्रहरीको भनाइ छ।

## मुलुकभरबाट स्याङ्जा जिल्ला प्रशासन उत्कृष्ट

दमक। गृह मन्त्रालयले सार्वजनिक गरेको कार्यसम्पादन मूल्याङ्कन नतिजा अनुसार जिल्ला प्रशासन कार्यालय स्याङ्जा देशभरी पहिलो भएको छ। चालु आर्थिक वर्ष २०८१-०८२ को तेस्रो त्रैमासिक अवधि (माघ-चैत्र) को सम्पादित कार्यहरुका आधारमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाले पहिलो स्थान प्राप्त गरेको हो।

## पिएसओ आन्दोलनभर फिर्ता नहुने

दमक। आन्दोलन नरोकिएसम्म राप्रपाका सांसदहरुले पीएसओ फिर्ता नपाउने भएका छन्। राप्रपा, राप्रपा नेपाललगायत राजावादीहरूले संयुक्त प्रदर्शन सुरु गर्नु अघिल्लो दिन सरकारले उनीहरूलाई दिएका पीएसओहरू फिर्ता गरेको थियो।

प्रहरीले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, सांसदहरु बुद्धिमान तामाङ, पशुपति शमशेर राणा, दीपक सिंह, ज्ञानेन्द्रबहादुर शाहीलगायतका पीएसओ फिर्ता बोलाएको छ।

## कोशीका दुई नेता रास्वपाको कारवाहीमा

**इटहरी/** राजावादी आन्दोलनमा लाग्ने दुई कार्यकर्तालाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सदस्यबाटै हटाउने निर्णय गरेको छ। कोशीका निलम्बित प्रदेश सभापति राजेश तिम्सिना र प्रवक्ता कमलबाबु मैनालीलाई पार्टीले सदस्यबाट पनि हटाउने निर्णय गरेको हो।

सचिवालयको निर्णयलाई केन्द्रीय समितिमा अनुमोदनका लागि लैजाने निर्णय गरिएको कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी दिए। प्रदेश सभापतिलाई केही समयअघि पार्टी अनुशासन आयोगले नै निलम्बन गरेको थियो। उनीहरूले गत वैशाख १७ गतेबाटै स्वतन्त्र राष्ट्रवादी विचार समूह भन्दै रास्वपाको चुनाव चिह्न घन्टी राखेर हिन्दु राज्य र राजसंस्था पुनर्स्थापनाको अभियान घोषणा गरेका थिए।

पार्टीका सम्पूर्ण सदस्यहरू समान हैसियतमा रहेको र प्रत्येक सदस्यलाई आफ्नो विचार व्यक्त गर्दै पार्टीको नेतृत्व तहमा बसेर काम गर्ने बाँकी ४ पेजमा ▸▸

# गृहमन्त्रीको राजीनामा पेचिलो बन्दै

**सत्तापक्ष र प्रतिपक्ष आ-आफ्नै अडानमा, संसद बैठक अनिश्चित**

✍ **पूर्वसन्देश समाचार**

**दमक/** भिजिट भिसामार्फत मानव तस्करी भएको भनिएको विषय थप पेचिलो बन्दै गएको छ। सो विषयलाई लिएर सत्तापक्ष र प्रतिपक्षबीच विभिन्न चरणमा छलफल भए पनि त्यसले निस्कर्ष निकाल्न नसकेपछि दुई दिनदेखि प्रतिनिधिसभाको बैठक बस्न सकेको छैन।

प्रतिनिधिसभाको बैठक बुधबार पनि बस्दै नबसी सूचना टाँस गरिएको छ। बिहीबार दिउँसो १ बजेसम्मका लागि बैठक सारिएको सूचना टाँस गरिएको छ। मंगलबार पनि बैठक बस्नै सकेको थिएन। सोही अनुरुप बुधबार पनि उस्तै भयो। बुधबार १ बजे बस्ने भनिएको बैठक बस्न नसकेपछि दिउँसो सवा ३ बजेसम्मलाई सारिएको थियो। उक्त समयमा पनि बैठक बस्न नसकेपछि भोलिसम्मलाई सारिएको हो।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको कनेक्सन रहेको दावीसहित प्रतिपक्षी दलहरुले उनको राजीनामा र यस प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठनलाई बटमलाइन बनाउँदै आएका छन्।

प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) सहितका दलहरूले भिजिट भिसा प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकको राजीनामा नआएसम्म संसद् बैठक चल्न नदिने अडान यथावत राखेका छन्।

बुधबार दिउँसो १ बजे बस्ने गरि डाकिएको प्रतिनिधिसभाको बैठक निर्धारित समयमा बस्ने अवस्था नभएपछि सभामुख देवराज घिमिरेले गरेको मुख्य दलका प्रमुख सचेतकहरूसँगको छलफलमा माओवादी केन्द्रले आफ्नो अडान नछाडेको हो।

बैठकमा सहभागी माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले भिजिट भिसा प्रकरणमा मुछिएर गम्भीर प्रश्न उठिसकेपछि गृहमन्त्री लेखकको राजीनामा नआएकाले संसद् बैठक चल्न नसक्ने धारणा राखेका हुन्।

विपक्षी दलहरूले गरेको अवरोध खुलाउने विषयमा घिमिरेले नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरे, नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला र नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेसँग बुधबार दिउँसो छलफल गरेका हुन्। तर दुवै पक्षले अडान नछाडेपछि बुधबार दिउँसो १ बजे बस्ने भनिएको संसद् बैठक अनिश्चित भएको हो। प्रमुख सत्तारूढ नेकपा एमाले र नेपाली कांग्रेसले भिजिट भिसा प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकले संसद्मा बोल्न पाउनुपर्ने अडान लिइरहेका छन्।

सरकार उच्चस्तरीय न्यायिक समिति वा संसदीय समिति गठन गर्न तयार भएमा गृहमन्त्री रमेश लेखकलाई संसद्मा बोल्न दिन विपक्षी दल मंगलबारको बाँकी ४ पेजमा ▸▸

### संसदीय समितिबाटै राजीनामा माग

राष्ट्रिय स्वतन्त्र पार्टीले संसदीय समितिबाटै गृहमन्त्री रमेश लेखकको राजीनामा मागेको छ। बुधवार सिंहदरबारमा बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै सांसद चन्दा कार्कीले गृहमन्त्रीको राजीनामा मागेकी हुन्। गृहमन्त्री लेखकको भिजिट भिसामा संलग्नता रहेको देखिएको भन्दै राजीनामा दिएर मार्ग प्रशस्त गर्न आग्रह गरेकी छिन्। छानबिनबाट निर्दोष भए त्यसपछि आएर पुन: मन्त्री हुन कसैले नछेक्ने रास्वपाको सांसद कार्कीले बताइन्। सांसद कार्कीले सरकारले आफ्नो काममा सुधार ल्याउनुपर्नेमा जोड दिएकी थिइन्।

## गौरादह नगरपालिकाको सार्वजनिक सुनुवाइ सम्पन्न

**गौरादह/** गौरादह नगरपालिकाको चालू आर्थिक वर्षको सार्वजनिक सुनुवाइ बुधबार सम्पन्न भएको छ। नगरपालिकाको सभाहलमा सम्पन्न कार्यक्रममा नगरवासीले स्वास्थ्य, कृषि पूर्वाधार विकास, रोजगार र सुशासनका विषयमा जिज्ञासा राखेका थिए। सारथि युवा क्लबका अध्यक्ष गोविन्द कडेलले बजेट निर्माण सहभागीता मुलक हुनुपर्ने र त्यसमा संघसंस्था समेत समेट्न माग गरेका थिए। व्यवसायी राजकुमार दाहालले कतिपय कानुनी अस्पष्टताका कारण व्यवसायी समस्यामा पर्ने गरेको गुनासो गरेका थिए। यस्तै नगर अस्पतालको सेवा, डुबानका समस्या कार्यक्रममा राखेका थिए।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सुवेदीले नगरपालिकाले अहिलेसम्म सम्पादन गरेका काम कारवाहीका बिषयमा प्रस्तुतिकरण गरेका थिए। गौरादह नगरपालिकाकम प्रवक्ता नगेन[illegible] भण्डारीले नगरपालिकाले पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति गरेको दाबी गरेका थिए। यस्तै अर्का वडा अध्यक्ष गोपाल कोइरालाले नीतिगत अप्ठ्यारोका कारण नगर क्षेत्रका सार्वजनिक जग्गा नक्साङ्कन र सिमाङ्कन गर्न नसकिएको र अब प्राविधिक कर्मचारी पर्याप्त भएको बाँकी ४ पेजमा ▸▸

## दमकको बायोग्यास प्लान्ट प्रयोगविहीन

**दमक/** दमक - २ मा निर्माण गरिएको बायोग्यास प्लान्ट उत्पादन सुरू भएको तीन वर्षसम्म पनि प्रयोगविहीन छ। अर्थात, दैनिक दुई हजार दुई सय परिवारलाई खाना पकाउन पुग्ने गरी निर्माण गरिएको बायोग्यास प्लान्ट उत्पादनको तीन वर्षसम्म पनि प्रयोगमा आउन सकेको छैन।

दमक नगरपालिकाको फोहोर व्यवस्थापन पनि हुने र फोहोरबाट बायोग्यास उत्पादन हुने योजनाको साथ बायोग्यास प्लान्ट निर्माण गरिएको थियो। दमक २ स्थित हम्सेदुम्से वन क्षेत्रको तीन बिगाह क्षेत्रफलमा ग्यासस्थित प्लान्ट निर्माण गरिएको छ। दमकको फोहोर व्यवस्थापनको जिम्मा पाएको नेक्स्ट इरा इनर्जी प्रालि र रोहन ट्रेडर्स जेभी तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबीच ०७६ माघ १० मा फोहोरबाट ऊर्जा उत्पादन गर्ने परियोजनामा सम्झौता भएको थियो।


जसमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले पाँच करोड ८८ लाख २७ हजार ९०२ र कम्पनीले १४ करोड ७० लाख ६९ हजार ७५७ रूपैयाँ लगानी गर्ने सहमति भएको थियो। यद्यपि, अहिले पूर्ण रूपमा सञ्चालनमा आएको छैन। नेक्स्ट इरा इनर्जी प्रालि प्रबन्ध निर्देशक विमल खतिवडाका अनुसार यो प्लान्टबाट दैनिक करिब १ हजार ५ सय केजी ग्यास उत्पादन भइरहे पनि त्यसै खेर गइरहेको छ।

## विपद कोषमा ४ अर्ब मौज्दात, कोशीमा ६ करोड

**दमक/** सरकारले विपद् व्यवस्थापन कोषमा ४ अर्ब ६५ करोड २४ लाख रूपैयाँ मौज्दात रहेको जनाएको छ। त्यसमध्ये कोशीमा ६ करोड, ९० लाख, मधेसमा ११ करोड ७८ लाख रूपैयाँ मौज्दात रहेको जनाइएको छ।

गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका निमित्त कार्यकारी प्रमुख बन्धुप्रसाद बाँस्तोलाले विपद्का समयमा आपतकालीन अवस्थाका लागि प्रयोग गर्न सकिने गरी उक्त रकम मौज्दात रहेको जानकारी दिए। उनका अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ अर्ब ८९ करोड २९ लाख, केन्द्रीय विपद् व्यवस्थापन कोषमा १ अर्ब २७ करोड ४७ लाख, प्रदेश विपद् व्यवस्थापन कोषमा ७९ करोड ४१ लाख मौज्दात छ। कोशीमा ६ करोड, ९० लाख, मधेसमा ११ करोड ७८ लाख, बागमतीमा ७ करोड ५८ लाख, गण्डकीमा २५ करोड, लुम्बिनीमा ६ करोड ५० लाख, कर्णालीमा ९ करोड ५२ लाख र सुदूरपश्चिम प्रदेशमा ११ करोड ८९ लाख मौज्दात रहेको प्राधिकरणले जनाएको छ। प्राधिकरणका निमित्त कार्यकारी प्रमुख बाँस्तोलाले ७७ वटै जिल्लाका कोषमा ६९ करोड पाँच लाख मौज्दात बाँकी ४ पेजमा ▸▸

## पूर्वसभामुख सापकोटा विरुद्ध ज्यान मुद्दामा अनुसन्धान हुने



**दमक/** सर्वोच्च अदालतले पूर्वसभामुख अग्नि सापकोटाविरूद्ध परेको ज्यान मुद्दामा अनुसन्धान अघि बढ्ने गरी परमादेश दिएको छ। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशहरु सपना प्रधान मल्ल, कुमार रेग्मी, डा. मनोजकुमार शर्मा र डा. कुमार चुडालको संयुक्त इजलासले सापकोटाविरूद्धको उजुरी तामेलीमा राख्ने निर्णय खारेज गरेको हो।

काभ्रेकी पूर्णिमाया लामाले पति अर्जुन लामाको हत्यामा संलग्न भएको बाँकी ४ पेजमा ▸▸

# स्थानीय तहका उपप्रमुख र उपाध्यक्षहरुको राष्ट्रिय भेला विराटनगरमा

**विराटनगर/** स्थानीय तहका उपप्रमुख र उपााध्यक्षले संविधान र कानुनद्वारा परिभाषित जिम्मेवारी पूरा गर्ने क्रममा देखापरेका कानुनी अस्पष्टताहरू पहिचान गर्दै उनीहरूबीच हुने आन्तरिक द्वन्द्व न्युनीकरण गर्ने उद्देश्यले विराटनगरमा स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरूको राष्ट्रिय सम्मेलन आयोजना हुने भएको छ।

विराटनगर महानगरपालिकाले जेठ २३ र २४ गते विराटनगरमा स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरूको राष्ट्रिय सम्मेलन आयोजना गर्न लागेको हो। राष्ट्रिय सम्मेलनमा देशभरका २९१ जना उपप्रमुख तथा उपाध्यक्षहरू सहभागी हुने बुधबार विराटनगरमा आयोजना गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

सम्मेलनमा ६ वटा महानगरपालिका, ११ वटा उपमहा नगरपालिकाका उपप्रमुखहरू, कोशी प्रदेशका १३६ नगरपालिका र गाउँपालिकाका उपप्रमुख र उपाध्यक्षहरू, मधेश प्रदेशका ७३, बागमतीका ४१ र बाँकी प्रदेशहरूबाट प्रतिनिधिगतरूपमा उपप्रमुख र उपाध्यक्षहरूको सहभागिता रहने छ।

राष्ट्रिय सम्मेलनमा न्यायिक समितिबाट निरूपण हुने विवाद तथा मुद्दाहरूलाई थप प्रभावकारी बनाउन अनुभव आदानप्रदान गर्ने, योजना तर्जुमा तथा कार्यान्वयनको अनुगमन, मूल्यांकनको प्रक्रियामा खेल्नुपर्ने भूमिका, त्यस क्रममा भएका राम्रा पक्षहरू तथा देखिएका समस्या समाधानका उपायहरूका बारेमा थप स्पष्टता ल्याउने उद्देश्य राखेर कार्यक्रम आयोजना गरिएको उपप्रमुख शिल्पा निराला कार्कीले जानकारी दिइन्। उनले आन्तरिक राजश्व वृद्धिमा उपप्रमुख तथा उपाध्यक्षको भूमिकालाई थप प्रभावकारी बनाउने, संघीयतालाई संस्थागत गर्न स्थानीय तहको भूमिकालाई थप स्पष्ट बनाउनका लागि सम्मेलनमा विषयगत छलफल गरिनेछ।

विद्यमान कानुनमा बाझिएका र संशोधन गर्नुपर्ने विषयहरू एकमुष्ठ गरी विराटनगर घोषणापत्र तयार गरी सार्वजनिक गर्ने र पहिचान भएका समस्याहरू समाधान गर्न संघीय सरकारलाई आग्रह गर्ने उपप्रमुख कार्कीले जानकारी दिइन्। कार्यक्रममा स्थानीय तहहरूबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने विषयमा पनि आपसी अनुभवन साटासाट गर्ने कार्यक्रम रहेको छ।

राष्ट्रिय सम्मेलन उद्घाटन पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन् भने संवैधानिक व्यवस्था बमोजिम विकेन्द्रित न्याय प्रणालीमा विवाद निरूपण गर्न आवश्यक पर्ने ज्ञान र बाँकी ४ पेजमा ▸▸

# राजसंस्था पक्षधरको आन्दोलन अब देशव्यापी हुने



**दमक/** संवैधानिक राजसंस्था र हिन्दु राज्य पुनर्स्थापनाको माग गर्दै आएको संयुक्त जनआन्दोलन समितिको आन्दोलन अब काठमाडौं केन्द्रित मात्र नभई देशका विभिन्न जिल्ला र तहमा फैलिने भएको छ। संयुक्त जनआन्दोलन समितिको ७५ भन्दा बढी दल, समूह र अभियन्ताहरूको सहभागितामा सम्पन्न बैठकले आन्दोलनलाई काठमाडौं बाहिर लैजाने निर्णय गरेको हो।

समितिले काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा विरोध कार्यक्रम जारी राख्ने बताएको छ भने बाहिर पनि प्रमुख सहरहरूमा सभा, घण्टी, र जनप्रदर्शन गर्ने कार्यक्रम तय गरिएको संयोजक नवराज सुवेदीले जानकारी दिए। उनकाअनुसार आन्दोलनलाई प्रभावकारी र स्थानीय तहसम्म लैजान, देशभर स्थानीय तहमा समिति गठन गरिने छ। यस्तै, बैठकले जिल्लागत रूपमा प्रभावशाली युवा कार्यकर्ताहरूको समूह गठन गरिने तथा विभिन्न जिल्लामा चरणबद्ध कार्यक्रमहरू सञ्चालन गरी अन्तत: आन्दोलनलाई पुन: काठमाडौं केन्द्रित गर्ने निर्णय गरेको छ।

**लिङ्देन नआएपछि बैठकमा होहल्ला**

राजसंस्था पुनर्स्थापनाका लागि भनेर गठन गरिएको संयुक्त जनआन्दोलन समितिको बैठकमा होहल्ला भएको छ। आन्दोलनको समीक्षा गर्न भनेर धुम्बाराहीमा बुधबार बसेको बैठकमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्दुदेन नआएपछि होहल्ला भएको हो। उनी बैठकमा सहभागी नभएकोमा धेरै सहभागी असन्तुष्ट भएका थिए। संसद् बैठकका कारण लिङ्दुदेन उपस्थित हुन नसकेको भनेर बैठकको सुरुमै जानकारी गराइएको थियो। त्यसका बावजुद पनि धेरै नेताहरुले असन्तुष्टि जनाएका थिए। समीक्षा बैठक भएपनि पत्रकार सम्मेलनमा जस्तो सञ्चारकर्मीलाई पहुँच दिइएको विषय पनि उठेको थियो। शीर्ष नेता डराएर मिडियालाई बस्न दिएको कतिपय सहभागीले होहल्ला गरेका थिए। त्यसपछि राप्रपा नेपालका अध्यक्ष कमल थापा बोल्ने समयमा होहल्ला भएपछि आन्दोलन समितिका संयोजक नवराज सुवेदीले माइक लिएर कार्यक्रम स्थगित भएको घोषणा गरेका थिए।

यता, जनआन्दोलन समितिका नाममा एक्लै निर्णय गर्ने सुवेदीको कार्यशैलीप्रति राप्रपा नेताहरू असन्तुष्ट छन्। बुधबारको बैठक भाँडिनुमा पनि उनीहरूले सुवेदीको कार्यशैलीलाई दोष दिएका छन्। राप्रपाका प्रवक्ता मोहन श्रेष्ठ राजसंस्था बाँकी ४ पेजमा ▸▸

## कोटेशन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०२।१७ गते

यस संस्थाको योजना क्षेत्रमा प्रयोग हुने विभिन्न साईजका भल्वहरु आवश्यक भएको र कोटेशन मार्फत खरिद गर्नुपर्ने भएकाले उपलब्ध गराउन ईच्छुक सप्लायर्स तथा फर्मले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र शिलवन्दी कोटेशन भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। आवश्यक कोटेशन फर्म संस्थामा सम्पर्क गरी प्रप्त गर्न सकिने छ।

***नोट : कोटेशन सम्बन्धी कुनै कुराको जानकारी लिनु परेमा संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।***

**खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
दमक–झापा

# सम्पादकीय

## निर्यातमुखी कृषि उत्पादन अहिलेको आवश्यकता

कृषिप्रधान मुलुक अझै पनि सवल र सक्षम बन्न सकेको छैन । प्रविधियुक्त कृषि प्रणालीको विकासबाट कृषि व्यवसायलाई झै संरक्षित हुन नसकेको गुनासो कृषबाट आइरहेका छन् । कृषि पेशालाई पहिलो प्राथमिकतामा राखेर सरकारले बजेट छुट्याउन थालेको निकै वर्ष भईसक्दा पनि अझै कृषि पेशालाई मर्यादित, जीवनपयोगी र आत्मनिर्भर बनाउन नसक्नु नै कृषि पेशाबाट विस्थापित हुनुको कारण देखिएको छ । कृषिमा ठूलो लगानी गरेर पनि त्यसको संरक्षण र सम्बर्द्धनमा एक्लो प्रयासले नपुगेपछि पेशा नै छोडेर विदेश पलायन भएका कृषकहरु धेरै छन् । दमकभित्रैको मात्रै उदाहरण हेर्ने हो भने कोही कर बढी भएको तर सरकारी संरक्षण नभएको गुनासो गरेका छन भने कसैले विभिन्न रोग लागेर वस्तुभाउ मरेपछि आवश्यक थप पुँजी नभएपछि पेशा छोडेर विदेश जानुपरेका समस्याहरु सुनाउँछन् । दमकबासीहरुले कृषि फर्म खोलेर कृषिबाटै जीवन खोज्ने र त्यही जीवनमा समाजलाई बचाउने अभियान चलाईरहेका छन तर तिनीहरु एक पटक डुब्दा उठाउने कोही नहुँदा विस्थापित हुँदै गएको देखिन्छ । दमक २ मा १ लाख ५० हजार पर्ने १५ वटा गाई पाल्दै आएका व्यवसायी ति गाईलाई खोरेत लागेर सबै मरेपछि अहिले मलेसियामा संघर्ष गरिरहेका छन् । यो प्रतिनिधिमूलक घटना मात्र हो यस्तो देशभरबाट कृषक पलायन भएका छन् ।

परम्परागत निर्बाहमुखी खेती छाडेर कृषकलाई उच्च आम्दानी हुने खेती, उन्नत जातका पशुपालन, कुखुरा, बाख्रा पालनमा प्रोत्साहनको खाँचो छ । उनीहरुलाई भएको क्षतिबाट मुक्ति दिलाउनका लागि कम्तीमा बीमामा जोड्न सक्नुपर्थ्यो त्यो पनि देखिएन । सरकारले हरेक वर्ष कृषकका कार्यक्रम ल्याए पनि त्यो वास्तविक किसानको पहुँच बाहिर धेरै रकम गएको विभिन्न सरकारी तथा गैरसरकारी प्रतिवेदनहरुले विगतदेखि नै औंल्याउँदै आएका छन् ।

अर्कोतिर केही वर्षदेखि कृषिमा आत्मनिर्भर भएको तथ्याङ्क सार्वजनिक हुँदै गर्दा अझै पनि धेरै वस्तुहरु भारतीय बजारबाटै आयत भएर व्यापार घाटाको ठूलो खाडल नेपालले व्यहोरिरहनु परेको छ । त्यो व्यापार घाटा घटाउन दैनिक उपभोग्य सामग्रीको आयात घटाएर निर्यात बढाउन आवश्यक देखिएको हुँदा त्यसको मुख्य क्षेत्र कृषि र कृषि उत्पादनलाई ब्राण्डिङ गरेर निर्यात बढाउन सक्ने ल्याकत, चासो, चिन्ता र इच्छाशक्ति सरकारमा हुन आवश्यक देखिन्छ । तरकारीजन्य उत्पादनमा अझै पनि आत्मनिर्भर नभएर आलु, प्याज, टमाटर, लसुन लगायत धेरै सामग्री भारत, भुटानजस्ता मुलुकबाटै आयात भईरहेका छन् । त्यसलाई समेत विस्थापित गरेर नेपाली बजारमा नेपाली उत्पादन मात्र हुने गरी कृषि उत्पादनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

८० प्रतिशत नेपाली कृषि पेशामा आवद्ध रहेको तथ्याङ्क घटेर ६०.४ प्रतिशतमा झरिसकेको छ । लगभग ३,०९१ लाख हेक्टरमध्ये २१ प्रतिशत भूभागमा मात्र खेती गरिएको छ । बाँकी घना जंगल र बाझो रहेका छन् ।

करोडौं टन खाद्यान्न बाली, नगदे बाली, दलहन, अन्य बाली, पशुजन्य उत्पादन, माछा उत्पादन हुँदा यसको मूल्य निर्धारणदेखि बजार व्यवस्थापनमा निजी कम्पनी वा संघसंस्थालाई सुम्पिएर सरकार पन्छिने गरेको छ । खेती गर्न चाहने किसानलाई जग्गा उपलब्धता, विचौलिया प्रथाको अन्त्य, वास्तविक किसानको पहिचान गरी सेवा, सुविधा र सहुलियत दिन आवश्यक देखिन्छ । नेपाल विश्व व्यापार संगठनको सदस्य भएकाले अरू राष्ट्रको उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने हुँदा लागत मूल्य उठ्दैन । विचौलियाले पनि सस्तो बजार खोज्दा विदेशी उत्पादन भित्र्याउने गर्छन् । यसले गर्दा स्वदेशी उत्पादन खरिद नगर्नाले नेपालको कृषि पेसा धराशयी भएको छ ।

कृषि पेशामा लाग्ने वर्ग भनेको युवा वर्ग हो । ठूलो मात्रामा युवा पंक्ति त्यसै पनि बाहिरिएको छ । त्यो युवापंक्ति आशा जगाउने, आत्मनिर्भर बनाउने र स्वदेशमै बसेर कृषि क्रान्तिमार्फत समृद्धिको खाका कोर्ने आधार सरकारले नै तय गर्ने हो । त्यो अनुसारको नीति र कार्यक्रम ल्याउने हो । खास गरेर उत्पादनमा राज्यको पहुँच देखिनुपर्दछ ताकि कुनै पनि कारणले घाटा व्यहोर्नुपर्ने अवस्था आएका किसान चिन्तित नबनोस्, उत्पादित वस्तु राज्यले नै खरिद गर्ने, मूल्य निर्धारण गर्ने र बजारमा लैजाने व्यवस्थापन मिलाउन आवश्यक देखिन्छ । उच्च आम्दानी हुने खेती र कृषि व्यवसायका लागि सरकारले सुलभ ऋण, कृषि मल, बीउबिजनमा अनुदान, कृषि लागत घटाएर भारतीय आयात रोक्न सक्ने प्रविधिको विकास, सबसिडीको बजेटमा व्यवस्था, सिंचाइ, खानेपानी, सडक, बजारको खोजी, कृषिमा भएको क्षतिको ग्यारेन्टी, औषधोपचारमा सहुलियत, घासको प्रविधियुक्त जोहो, घाँस उत्पादन, उत्पादित वस्तु भण्डारण गर्ने स्थल, उचित मूल्यमा उच्च कोटीका बिउबिजन लगायतको समस्या समाधानमा सरकारले नै भरपुर सहयोग गर्न सक्नुपर्दछ ।

# भिजिट भिसालाई सूक्ष्म अनुसन्धान गर्ने हो भने ठुलो उथलपुथल हुन्छ



✍ हरि गौतम

भिजिट भिसा भनेको छोटो समयका लागि घुम्न जाने भिसा हो, तर कन्सल्टेन्सी, ट्राभल र कतिपय म्यानपावर व्यवसायीले विदेशमा रोजगारीमा पठाएका र सरकारी निकायले पनि प्रश्रय दिने गरेका छन् ।

पहिला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मानव बेचबिखन अनुसन्धान ब्युरोको टोली खटेर चेकजाँच गर्ने गर्थ्यो । तर उक्त टोली कसैको स्वार्थमा हटाइयो ।

विमानस्थल सुरक्षा कार्यालयले २०८० असोज १९ मा उपत्यका अपराध अनुसन्धान कार्यालयलाई १६४१ थान राहदानीसहित अनुसन्धान गरेर पठाएको थियो । उक्त समय डीएसपीको रूपमा मेरो नेतृत्वको टोलीले गहिरिएर अनुसन्धान गर्‍यो । जहाँ नक्कली कागजात तयार गर्ने, काम ल्याउने दलाल, कन्सल्टेन्सी, ट्राभल व्यवसायी, म्यानपावर, होटल र एयरलाइन्स, अध्यागम, वैदेशिक रोजगार विभाग र प्रहरीका केही अधिकारीको मिलेमतोमा ठुलो तस्करी भएको भेटिएको थियो । अनुसन्धानलाई जरैसम्म खोतल्ने प्रयास गरियो । परिणामस्वरूप २० जना दलाल, २० वटा ट्राभल, ८ कन्सल्टेन्सी, नेता र कर्मचारी गरी ३७ जना नियन्त्रणमा लिएका थियौँ । र मानव तस्करी, किर्ते र संगठित अपराध मुद्दा चलाइएको थियो ।

त्यसलाई संगठित अपराध बनाउने विषयमा सरकारी वकिलसँग नोकझोक नै गर्नुपरेको थियो । उनीहरू यो मान्न तयार थिएनन् । तर, हामीले प्रमाणसहित पेस गरेका थियौँ । अनुसन्धानलाई निर्भीकताका साथ तथ्यमा आधारित भएर अगाडि बढाइएको थियो । तत्कालीन अवस्थामा अनुसन्धान भएर कतिपय पुर्पक्षका लागि थुनामा समेत गए र कतिपय धरौटीमा छुटे । उक्त फाइल अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत पठाइएको थियो । भिजिट भिसाको सूक्ष्म र निष्पक्ष अनुसन्धान हुने हो भने ठुलो उथलपुथल हुने निश्चित छ । जुन अहिलेको जनआवाजको रूपमा मुखरित भएको छ । अर्कोतर्फ वैदेशिक रोजगारीका नाममा धेरै युवा ठगिएका छन् । मेनपावरहरूले ५० हजार र दलालले ५० हजार गरी युरोप पठाउन भनी करिब एक लाख राहदानी राखी प्रतिव्यक्ति एक लाख डिपोजिट गर्ने गरेका हाम्रो अनुमान छ । वैदेशिक रोजगार विभागको तथ्यांकमा वार्षिक चार हजारदेखि ४५ सयसम्म मात्र युरोपमा रोजगारीका लागि गएको देखिन्छ । अर्थात् ९५ हजारजति युवायुवती ठगिने लाइनमा रहेको देखिन्छ ।

त्यसरी युरोप जान बसेका पीडित एकैसाथ न्याय माग्न आए भने हाम्रो अनुसन्धान निकायले थेग्न सक्ने अवस्था छैन । त्यसमा अन्य खाडी मुलुकमा जाने संस्थागत र व्यक्तिगतलाई हिसाब गर्दा त्यो संख्या दोब्बर हुन्छ । अर्थात् करिब दुई लाखको संख्या पुग्न सक्छ ।

निजामती कर्मचारीहरूलाई अपराध अनुसन्धानको कुनै सीप र तालिम उपलब्ध गराइएको हुँदैन । त्यो सीप र तालिम नेपाल प्रहरीमा मात्र छ । त्यसैले वैदेशिक रोजगार विभाग वैदेशिक रोजगारीमा भइआएका ठगी अनुसन्धानमा सक्षम देखिँदैन । तर, वैदेशिक रोजगारमा भएको ठगीसम्बन्धी मुद्दा चलाउने अधिकार प्रहरीलाई छैन । त्यससम्बन्धी सम्पूर्ण अधिकार कानुनले वैदेशिक रोजगार विभागलाई दिएको छ । र, विभागबाट खटिएका निजामती कर्मचारीहरूले नै विगत १७ वर्षदेखि यससम्बन्धी मुद्दा हेर्दै आएका छन् ।

यससम्बन्धी सम्पूर्ण दायित्व निजामती कर्मचारीलाई दिँदा ठगी रोकिनुको साटो अझ उकालो लागेको छ । वैदेशिक ठगीसम्बन्धी मुद्दा हेर्ने विभागका निजामती कर्मचारी नै असक्षम हुन् त ? अहिले यो प्रश्न गम्भीर बनेको छ । त्यसो भए प्रहरीलाई नै यससम्बन्धी मुद्दा हेर्ने अधिकार दिँदा निजामती कर्मचारीबाट भन्दा राम्रो कार्य सम्पादन हुन सक्छ त ? यो पनि आम नागरिकको चासोको विषय बनेको छ ।

२०६४ सालमा बनेको वैदेशिक रोजगार ऐन संशोधन गरी त्यससम्बन्धी अधिकार प्रहरीलाई दिइयो भने देशभर संरचना भएको प्रहरीले निजामती कर्मचारीभन्दा राम्रो प्रतिफल दिनसक्ने र पीडितले न्याय पाउने देखिन्छ ।

तथ्यांक हेर्दा सन् २०२२ मा एक लाख ७७ हजार ३१०, सन् २०२३ मा दुई लाख चार हजार ५३५, सन् २०२४ मा दुई लाख ७६ हजार ६२४ र २०२५ को मेसम्मको तथ्यांक हेर्दा ९६ हजार ५३८ जना गरी सात लाख ५५ हजार ७ जना नेपाली विभिन्न मुलुकमा घुम्न गएको देखाउँछ ।

मानव तस्करीसम्बन्धी मुद्दामा प्रहरी कानुनको अभावमा बसिरहेको छ । ऐनमा सामान्य संशोधन गरे पनि त्यो अपुग देखिन्छ । ऐनले नै अधिकार नदिएकाले ठ्याक्कै मानव तस्करीमा प्रहरीले मुद्दा चलाउन नसक्ने अवस्था छ ।

सोही अवधिमा विमानस्थलबाट २० हजार ४९८ मानिस फिर्ता गरेको देखिन्छ । त्यसमा के कति संख्या भिजिटमा गएर फर्कियो भन्ने डाटा अहिलेसम्म कतै उपलब्ध छैन । जसको कारण भिजिटमा गएकामध्ये कति काममा लागे र कति अलपत्र परेका छन् भन्ने छुट्याउन गाह्रो छ । जुन नेपाल सरकारको अभिलेखमा छैन । तर छानबिन हुँदा खोज्न भने सकिन्छ । तब मात्र सेटिङको वास्तविक रकम देखिन्छ ।

२०६० सालबाट रातो पासपोर्टमा भीआईपीको राहदानीको पीसी (फोटो बदल्ने) गरेर प्रतिव्यक्ति २५ लाख तिरेर मानव तस्करी गरेको पनि अनुसन्धानबाट खुलेको थियो । त्यसमा सांसद नै संलग्न थिए । अर्कोतर्फ बंगालादेशका नागरिकले नेपाली राहदानीमा आफ्नो फोटो टाँसेर प्रतिव्यक्ति डेढ लाखदेखि दुई लाख खर्चेर दलालमार्फत सेटिङ गरेर पठाइने गरेको रहस्य पनि नखुलेको होइन । तर अनुसन्धान जरोमा कहिल्यै पुग्न सकेन । र यो सेटिङ विभिन्न रूपमा अझै कायम छ ।

नेपालबाट भिजिट भिसामा आउने समस्या विशुद्ध मानव तस्करी हो । किनकि भिजिटमा गएकाहरू दलालको प्रलोभनमा परेर जोखिमयुक्त स्थानमा पुगेका छन् । जब गन्तव्यमा पुग्न सक्दैनन् र फर्कनुपर्छ भन्ने हुन्छ अनि मात्र यस्ता कुरा बाहिर आउँछन् ।

कन्सल्टेन्सी, ट्राभल र कतिपय मेनपावर समेतले प्लस टुको नक्कली सर्टिफिकेट र नेपाल सरकारको छाप लाग्ने आवश्यक सबै कागजातमा वडा कार्यालयबाटै लगाएको छापसमेत रकम लिएर बनाउने गरेको भेटिने गरेको पाइन्छ । भिजिट भिसामा मानिसहरू पैसा दिएर दलालमार्फत गैरकानुनी तवरबाट कामका लागि बिदेसिन खोजिरहेका छन्, जसलाई मानव तस्करी भनिन्छ । मानव तस्करीसम्बन्धी नेपालमा कानुन यथेष्ट छैन र बनेको विधेयक पनि कता गएर थन्कियो, अत्तोपत्तो छैन ।

**विभागलाई नै सम्पूर्ण अधिकार**

वैदेशिक रोजगारी ठगीसम्बन्धी अनुसन्धान गर्न वैदेशिक रोजगार ऐन, २०६४ कार्यान्वयनमा छ । त्यसअन्तर्गत विशेष अधिकार वैदेशिक रोजगार विभागले पाएको छ । सोही ऐनको आधारमा विभागले वैदेशिक रोजगारीसम्बन्धी मुद्दामा अनुसन्धान गर्दै आएको छ । तर, अधिकार पाएका निजामती कर्मचारीलाई वैदेशिक रोजगारी ठगीसम्बन्धी मुद्दामा अनुसन्धान गर्न कुनै विशेष तालिम दिइएको छैन । यसकारण पनि अनुसन्धानको पाटोमा निकै समस्या आइरहेको र न्याय पाउन पीडितलाई कठिन भएको छ । अहिले अपराधमा समावेश मान्छेहरू उच्च किसिमको प्रविधि प्रयोग गर्नमा माहिर देखिएका छन् । त्यो विभागको क्षमताभन्दा कोसौं टाढा छ ।

*(लेखक : यसअघि भिजिट भिसाको अनुसन्धानको नेतृत्व गरेका पूर्वडीएसपी हुन् । रातोपाटीबाट सम्पादित अंश)*

## सामयिक सन्दर्भ

# एमालेको मिडिया ट्रायल ‘म झोले होइन’

✍ खगेन्द्र कार्की




बेला बेला एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई के सनक चढ्छ त्यही गरिहाल्ने परिपाटी छ । उनको सनकले जे भन्छ झोलेहरू त्यही गरिहाल्नुपर्ने, पछि पछि दौडिहाल्नुपर्ने बाध्यता बनाएका छन् । उनको त्यो सनकभित्र सबै पार्टीका नेता कार्यकर्ता छिर्नैपर्ने बाध्यतात्मक परिस्थिति यतिखेर एमाले आम नेता कार्यकर्तामा देखिएको छ । किनकी उनले नेता, कार्यकर्तालाई तर्साएका छन ।

ओलीले गत सोमबार एउटा पोष्टर सार्वजनिक गरे जुन पोष्टमा 'म झोले हो' भन्ने लेखिएको छ । लामो समयदेखि विभिन्न दलका मान्छेहरूलाई दलभित्रैकाले झोले भन्ने गरेका छन् ।

देश झोलेले बिगारे, विकृति, विसंगति र भ्रष्टाचार बढाए, दलभित्र झोले भएकाले पार्टी सुधार भएन, झोले प्रवृत्ति नै नेपालको विकास र समृद्धिको खराब पात्र बन्यो भन्ने जस्ता अभिव्यक्ति आईरहँदा त्यसलाई सकारात्मक भाइभ दिनका लागि पनि हुनसक्छ ओलीले 'म झोले हुँ' भन्ने राखेर पार्टीका नीति, विचार र सिद्धान्त त्यसभित्र अटाएको उल्लेख गरे तर त्यो पोष्टमा पार्टीका नीति, विचार र सिद्धान्त जे लेखिए पनि आकर्षक बन्यो 'म झोले हो' भन्ने तीन शब्द। त्यसो अहिले संसदमा चलिरहेको विषयलाई विषयान्तर गर्ने रणनीति पनि हुनसक्छ यो अभियान तर जे भए पनि म झोले हो भन्ने शब्दको उपहाँस भयो, खिसीटेउरी बढी भएको पाइयो। शब्दलाई अपहेलना गरियो भन्ने साहित्यकारको आरोप पनि लाग्यो । आम मानिसले त्यसलाई सहज रूपमा लिएनन् । झोले भन्ने शब्दप्रति जति कठाक्ष हुन्थ्यो त्यो नहोस् भन्ने हेतुले नै हुनसक्छ ओलीको चोर बुद्धि लगाएका तर त्यसले पनि काम गरेन । अरूचि र असन्तुष्टि धेरै बढाएर लग्यो ।

उनले त्यो पोष्टर सार्वजनिक गरेर पछि सामाजिक सञ्जालमा माथिल्लो ओहदाधारी एमालेका झोलेहरू धेरै देखिए । उनले त्यो 'म झोले हो' मुनि दूई लाईन पार्टीका कुरा पनि लेखेका छन्- 'एउटा सामन्ती परिवारको दास बन्नुभन्दा देशमा परिवर्तन र विकासको झोला बोकेर हिंड्नु कयौं गुणा उत्तम चरित्र हो ।' यसले झोले भनेर हिजोका दिनमा धेरैतिरबाट प्रहार भए पनि यो ओलिको झोले चाहि राजसंस्थापक्षधरतिर सोझिएको थियो । उनले एउटा सामन्ती परिवार भनेर राजपरिवारका सदस्य पूर्व राजा ज्ञानेन्द्रलाई इंगित गरेका छन् । त्यो एउटा परिवारको दास बन्नुभन्दा परिवर्तन र विकासको झोला बोक्नु बेस भन्ने अर्थ लगाएका छन् ।

ओलीले यो पोष्टर सार्वजनिक गरेसँगै एमाले महासचिव शंकर पोखरेल, उपमहासचिव तथा अर्थमन्त्री विष्णु पौडेललगायत एमालेका धेरै नेता तथा कार्यकर्ताले सोही व्यहोराको पोष्टर आˆनो फोटोसहित सामाजिक सञ्जालमा पोष्ट गर्ने अभियान नै चलाए तर त्यो सामाजिक सञ्जाल पचाउन नसकेपछि लामा लामा बुँदा लेखेर स्पष्टिकरण दिंदा ति झोलेहरू हैरान बनेको सामाजिक सञ्जालमै छरपष्ट देखिन्छ । सामाजिक सञ्जालमा एमाले विरोधीले मात्र त्यसको विरोध गरेका छैनन, एमालेभित्रैका नेता कार्यकर्ताले पनि यसको विरोध गरेका छन । पूर्व सूचना तथा सञ्चार मन्त्री गोकुल बास्कोटाले यसको समर्थनमा आफु नहरेको र झोले नभएको बताएका छन् । यस्तै विराटनगरका पुराना एमाले नेता मीन आचार्यले सामाजिक सञ्जालमा लेखेका छन्, 'म विचार बोक्ने र विचारलाई व्यवहारमा बदल्न सिकाउने अभियन्ता हुँ, झोले होइन ।' भनेका छन् । यसरी उनको अर्को मिडिया ट्रायल पनि खिसीटेउरीमै सीमित बनेको छ ।

उदयपुरका एमाले नेता विमल कार्कीले पनि सामाजिक सञ्जाल फेसबुकमै लेखेका छन्, 'कुनै योग्यता, क्षमता नभएको, सही-गलत के हो छुट्ट्याउन नसक्ने, सके पनि विवेक प्रयोग गर्न नसक्ने, सहीलाई सही र गलतलाई गलत भन्न नसक्ने, नेताले भनेको कुरा जस्ताको त्यस्तै लागु गर्ने, केवल चाकडी र चाप्लुसी गरी नेता खुसी तुल्याएर आˆनो दुनो सोझ्याउने लगायतका लम्पटहरूलाई शब्दकोषमा भाषा शास्त्रले झोले भनेर अर्थ्याउँछ ।'

मालिकले दिमागमा जे भरिदिएको छ, त्यसैलाई अन्तिम सत्य ठान्ने अनि मस्तिष्कमा अरूकै विचारका पोका पन्तुरा बोकेर हिंडेको, आˆनो भाग्य र भविष्यको कुनै फिक्री नलिने तर मालिकका लागि अत्यन्त चिन्तित, मालिकको अस्तित्व मै आफूलाई विलिन गराएको, मालिक रहे आफू पनि विजित हुने, मालिक नरहे संसारै नरहने सोच भएको पराश्रित मनुवालाई झोले भनिने जिकिर गर्दै उनले आफू त्यस्तो झोले बन्न भने किमार्थ तयार नरहेको उनले लेखेका छन् ।

प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीले झोले अभियान चलाउनुको अन्तर्य उनमा कुटिल दम्भ लुकेको दाबी पनि कार्कीले गरेका छन् । 'झोले अभियानको अन्तर्यमा भने बाको आˆनै कुटिल दम्भ लुकेको छ, त्यो के भने मैले जे भन्छु र जे गर्छु, त्यो यिनीहरूमध्ये कसैले खुसीखुसीपूर्वक, कसै-कसैले विवशतापूर्वक र कसै-कसैले लाचारीका साथ खुरूखुरू र लुरूलुरू मान्नेछन् भन्ने देखाउँदै पार्टीमा आˆनो पकड कुन हदसम्म छ भन्ने दुनियाँलाई देखाएका हुन्,' कार्कीले लेखेका छन् ।

नेकपा एमाले मोरङका जिल्ला कमिटी सदस्य तथा कानेपोखरी गाउँपालिका वडा नम्बर २ का वडाध्यक्ष शुशील बुढाथाकीले सामाजिक सञ्जालमा 'म एमाले'लेखेर सांकेतिक विरोध गरेका छन् । गत फागुनमा भएको एमाले मोरङको १० औं जिल्ला अधिवेशनमा संस्थापन प्यानलबाट जिल्ला सदस्यमा चुनिएका बुढाथोकीलाई संस्थापन पक्षले टोली नेता बनाएको थियो ।

केराबारी गाउँपालिका एमालेका अध्यक्ष भीम कार्कीले लामो स्टाटस लेख्दै झोले अभियान हुन जरूरी नरहेको बताएका छन् । उनले भनेका छन्, 'जो झोले अभियान चलेको छ, अध्यक्षज्यू हाम्रो नेतृत्व हो । तर उहाँका हरेक बोली वाणीको रूपमा लिनु नै सबैभन्दा असल कार्यकर्ता हुनु होजस्तो लाग्दैन मलाई ।'

एमालेकै बेलबारी नगर कमिटीका उपाध्यक्ष उदय बहादुर राई (राजु)ले नेताकै कारणले गणतन्त्र खतरामा परेको बताएका छन् । उनले भनेका छन्, 'सबैले नैतिकवान बनी काम गरे, नेतृत्वले जिम्मेवारीसाथ आˆनो जिम्मा पूरा गरे, जनप्रतिनिधिहरूले जनताप्रति जबाफदेही बने भने हामी कार्यकर्ताले झोले भन्नुनै पर्दैन ।'

उनले गल्ती सबै उनीहरूले गर्ने अनि झोले हामी बनिदिनुपर्ने भन्दै नेतृत्वको आलोचना गरेका छन् । 'यो गणतन्त्र त नेताहरूबाटै खतरा भयो, कार्यकर्ता अनि जनताबाट होइन,' उनले भने । उनले नेताहरूको चरित्र र व्यवहारले नै लोकतन्त्रमा संकट निम्त्याएको आरोप लगाएका छन् ।

## सामाजिक सञ्जाल



**योगेश भट्टराई**
प्रतिनिधिसभा सदस्य

### हाम्रो अडान हिजो जे थियो आज त्यही

✍तत्कालिन गृहमन्त्री रवी लामिछानेमाथि सहकारी ठगीको आरोप सहित तत्कालिन प्रतिपक्षी दल नेपाली कांग्रेसले संसदमा कुरा उठायो । रवीजीले संसदमा बोल्ने समय माग्नु भयो । कांग्रेसले बोल्न नदिने अड़ान लियो । हामीले कांग्रेसको अड़ान गलत छ, गृह मन्त्रीलाई बोल्न दिनु पर्छ भन्यौ । अन्ततः कांग्रेस अड़ानबाट पछि हट्यों । रवीजीले संसदको सोस्टमबाट आफनो बचाउ गर्नु भयो । आज साइकलको पांग्रा त्यही ठाउमा आईपुग्यो । हिजो गृहमन्त्रीलाई बोल्न नदीने आज सत्ता पक्ष, गृह मन्त्रीलाई बोल्न दिनुपर्छ भन्नेहरू प्रतिपक्ष । हाम्रो अड़ान हिजो पनि त्यही थियो, आज पनि त्यही छ। संसदमा गृहमन्त्रीलाई बोल्न दिनुपर्छ। संसद सुचारू गर्नु पर्छ। संवाद गर्ने थलो संसद हो ।“

### अर्को पुस्ताले यहाँबाट दुःख नपाउन



**मनिष झा**
प्रतिनिधिसभा सदस्य

✍हाम्रो लागि केवल एकजना पात्र जो हाल गृहमन्त्री हुनुहुन्छ। उहाँ मात्र महत्वपूर्ण होइन, हाम्रो लागि यो प्रकरणमा छानबिनमा परेको एउटा कर्मचारी तीर्थ भट्टराई पनि महत्वपूर्ण होइन। हाम्रो लागि महत्वपूर्ण कुरा के हो भने यो समस्याको समाधान होस् र भोलिदेखि कोही नेपाली वैदेशिक रोजगारी जाने क्रममा नठगियोस्, नलुटियोस्, बाकसमा आउन नपरोस् र बलात्कृत हुन नपरोस भन्ने हो । अहिलेको प्रमुख समस्या वैदेशिक रोजगारीको लागि जाने नागरिक अध्यागमनमा ठगिन र लुटिन वा जोखिममा पर्न बाध्य छ, त्यो हो। यसमा मेरो दाइ पर्छ भने उहाँ पनि सजाएको भागीदार हुनुपर्छ हाम्रो पार्टीको कुनै सदस्य छ भने उसलाई बचाउनतिर पनि हामी लाग्ने छैनौं तर यो समस्या समाधानको एउटा महत्वपूर्ण प्रस्थान बिन्दु हुन सक्छ। यो यसमा मेरो मान्छे र तेरो मान्छे भन्ने बौद्धिक दरिद्रता त्यागेर देशमा रहेको एउटा समस्या समाधान गर्नतिर लागौं भन्ने अनुरोध गर्न चाहन्छौं। गृह मन्त्रालयमा रहेको पात्र प्रति राजनीतिक पूर्वाग्रह पनि होइन र केही पैसा लुटिरहेको कर्मचारीको अनुहार नमनपरेको पनि होइन। हाम्रो लागि महत्वपूर्ण मुद्दा यो विकराल समस्या हो। मिलेर समाधान गरौ। बैदेशिक रोजगारी ऐन २०६४ आए पश्चात यो समस्या आएको हो। त्यसपश्चात गृहमन्त्रालयको जिम्मेवारीमा रहेका सबैको कार्यकालको छानबिन होस। एउटा संवैधानिक आयोगको दायराले सबैलाई छुन सक्दैन तसर्थ यो मुद्दा केन्द्रित छानबिन विशेष समिति/आयोग बन्नुपर्छ।

पुस्तक परिचय

# 'भद्रपुर' छर्लङ्ग देखिने सन्दर्भ-ग्रन्थको मीमांसा



✍ नकुल काजी

झापाको अक्षरखेतीमा कलमले कागज जोत्ने हलिहरूमध्ये कतिपय गुमनाम रहेका प्रतिभा अझै धेरै हुन् र कलमकर्मी समाज समृद्ध बनोस् भन्ने, म ८० वर्ष पार गरेको कलमजीवीको अपेक्षा अस्वाभाविक नठहर्ला । मेरो यो अफेक्षाको जागरण ममा, झापाका नवोदित लोखक निरोज कट्टेलको २०८० साउनमा प्रकाशित पुस्तक '२०२८ - झापा विद्राहको अन्तर्कथा'-को सामर्थ्ले, गराउन थालेको हो । र, आज झापाको ठ्याक्कै माइलो पिँढीका सफल सञ्चारकर्मी गोपाल गिरीको प्रकाशोन्मुख ' सदरमुकाम भद्रपुरको गाथा' जस्तो सफल र पूर्ण पुस्तकमा आइपुगेको छु ।

'सदरमुकाम भद्रपुरको गाथा', कुनै कवि-लेखकको अलौकिक कल्पनाबाट सिर्जित अथवा लौकिक रूप-लावण्यले परिवेष्ठित र सुसज्जित मनोविनोदी पुस्तक होइन । यो हो आजको एउटा स्थानीय राजनीतिक-प्रशासनिक जिम्मेवार पालिका क्षेत्र विशेषको हरेक कित्ता-कान्ला, शिर-पुच्छर वा त्यसका कुनै अवयवलाई नछाडी, निरपेक्ष रूपमा, चित्रवत् आँकिएको जीवन्त इतिहास । यद्यपि, झापाको सदरमुकाम रहेको भद्रपुर नगरपालिका क्षेत्रको पूर्ण अतुलनीय सुग्घर इतिहासलाई यसका अथक परिश्रमी लेखक एवम् सदावहार समाजसेवामा उदित, सम्पृक्त र मिलनसार हैसियतले व्यापक परिचित, सर्जक गोपाल गिरीले कति हलुङ र सहज नाम दिनु भएको छ - 'सदरमुकाम भद्रपुरको गाथा' !.... संभवत: 'सबै शीत यहाँ मोती हुँदैनन्, आकस्मिकता के हो भने त्यसले समुद्रको अतल गर्भमा बसेर नै ठोस हुनसक्नु पर्दछ ।'- भन्ने महाकवि देवकोटाको सूक्तिलाई ठूलो परिश्रमबाट निसृत यो पुस्तकका सर्जकले आत्मसात गरेर यसको नाम यसका पाठक वा अबका सरोकारीको जिम्मा छोडिदिनु नै पनि थप प्रशंस्य छ ।


मैले मेरो लामो, तपस्या स्वरूपको, बौद्धिक व्यावसायिक यात्रामा, स्थान विशेषको विवरणात्मक लिखत वा साना-ठूला परिधि अख्तियार भएका धेरै पुस्तकाकार 'इतिहास नभनिइएका इतिहास' समेत पढेको छु । तर, प्रस्तुत पुस्तक जस्तो रिट्ठो नबिराइएको विवरणात्मक पुस्तक पढेको, मेरो स्मरणपर्यन्त, यही नै पहिलो हो । युग बमोजिम सामाजिक वातावरण बन्ने गर्छ र सामाजिक वातावरण बमोजिम नै लेखनको किंवा बौद्धिक सिर्जनाको पृष्ठभूमि बन्छ भन्ने विश्वमान्य सिद्धान्त जो अकण्टक र जीवन्त छ । यस परिप्रेक्ष्यमा अहिलेका अधिक-अधिकांश कलमकर्मीहरू, क्षमता र शीप भएर पनि प्रेरणा दुर्भिक्ष नै छ । तर, गोपाल गिरीले, सायद, आफ्नै नैसर्गिक बुद्धिको आँटबाट उत्सर्जित प्रेरणालाई सदुपयोग गरेर र आफ्नै पसिनाको लगानीबाट पनि आजको अक्करिलो र बौद्धिक अनुदार भद्रपुरे परिवेशको हकमा पनि, यस्तो महत्वपूर्ण कृति सिर्जना गर्नु भएको छ । यस्तो सम्वेदनशील भावधारा राख्तै पढ्दा यस्तो पढे-बुझेरै पुस्तकका सर्जक गिरीले उपर्युक्त सिद्धान्तलाई शिरोधार्य गर्नु भएको हो भन्ने किटानी वयान दिइरहेको छु । यदि देशको समसामयिक इतिहास लेख्ने इमानदार इतिहासकार जन्मेका छन् भने, तिनलाई देशको पूर्वी भूभाग अन्तर्गत भद्रपुर नगरपालिकाले ओगटेको सानो वृत्तको चित्रणमा, तिनका लागि यो एउटा 'गत्तिलो आधार-सन्दर्भ' (भलभचनभतष्अ चभाभचभलअभ) प्रदान गर्नु भएको छ । त्यो इतिहासमा यत्रै सानो पन्नाले पनि कस्तुरीको सुवास अवश्यै दिनेछ ।

शुरु बिन्दुको 'धूपगाछी' नाम कहिले, कसरी, कसका वा कस-कसका सल्लाहले , के आधारमा 'भद्रपुर' बन्न गयो ? यसका प्रारम्भिक कथा के-कस्ता छन् ? प्रारम्भमा यहाँ कुन-कुन जात-जातिको दुखिया बस्ती थियो ? - भन्नेदेखि यस ठाउँमा व्यापार-व्यवसायी कहिलेदेखि प्रविष्ट भए ? भद्रपुरका 'धरोहर' मानिने अग्रजहरू को-को हुन् ? इत्यादि जस्ता सबै जानकारीप्रदत्त विषयका रेशा-रेशा यसमा समाविष्ट छन् । यस क्षेत्रका जेठो पुस्तकालय, जेठो माध्यमिक विद्यालय, जेठो उच्च शिक्षालय ( कलेज-क्याम्पस) र तिनका विकास, जेठा साहित्य र समाजिक संघ-संस्था, जेठा उद्योगहरू आदि र तिनका समयसापेक्ष विकासक्रमका प्रत्याभूतिबाट प्रेरित ताजा अवस्था के र कुन अवस्थामा विद्यमान छन् ? धार्मिकस्थलहरू, मठ-मन्दिरहरूदेखि स्मरणीय पूर्वजहरू, साहित्य र सञ्चारमा यस क्षेत्रको अग्रणी भूमिकामा स्थापित भई निरीक्षण(कयअर्ष्बा चभअ( यनलष्तष्यल)-मा आउन सफल भाग्यवान र नभएका निरीहहरूदेखि सफा-स्निग्ध वातावरणका निम्ति निर्घिन-"सेवा" वर्ताउने जात-जाति समेतलाई समेत ससम्मान अक्षरमा स्थापना गरिएको छ यसमा । पुस्तकको नामद्वारा निर्दिष्ट मसिनादेखि अनिवार्य परिचायक निधिहरू, आधा शताब्दीबढी समयदेखिको वसोवासी मैले, कुनै कण र छिटा छुटेको उल्लेख गर्ने र अलिकति 'जेठोबाठो-ठालू' बन्नै पाइन । अथवा, नभनी नसक्ता, मैले मेरो जीवनको लगभग छ दशक लामो वा सबै ऊर्वर समय यही भद्पुरलाई बास र कर्मथलो बनाएर पनि अनेक विषयमा भद्रपुरसँग अपरिचित रहेछु - ती सबै यो पुस्तकमै साङ्गोपाङ्गो पढ्न पाएपछि जान्न पाएर स्वयम् धन्य भएको छु । अहिले भद्रपुरको वर्तमानले मलाई मनग्गे चिनेको अनुभूति ममा मनग्गे छैन तर मैले हाल भद्रपुरको मानचित्रमा समाविष्ट सदर भद्रपुरको दक्षिणमा साविकको पृथ्वीनगरदेखि क्रमश: महेशपुर, चन्द्रगढी, दुहागढी क्षेत्रहरूका भूमि टेकेरै चिनेको छु मात्र होइन, यी सबै क्षेत्रका हजुरबा-बाहरूदेखि आजको पिँढीका अधिक-अधिकांशलाई पनि चिनेको दाबी गर्न अप्ठ्यारो मान्दिन-चाहे उनीहरू प्राय: ८०/९० प्रतिशतले मलाई भौतिकरूपमा नचिनुन् न किन ! यति हुदाहुँदै पनि 'भद्रपुरलाई धित मरुन्जेल जान्न' बाँकी रहेछ, जो यो पुस्तक पढेपछि पूरा भएको सुखद अनुभव प्राप्त भएको छु । त्यसैले यो ग्रन्थ भद्रपुरका घर-घरमा रहनैपर्ने ठानेको छु । यो कुनै अतिशयोक्ति होइन । र, अन्य पालिकाहरू-लाई पनि यो पुस्तकले मनोवैज्ञानिक प्रेरणन प्रदान गर्न सकोस् भन्ने निश्छल कामना गर्दछु ।

भद्पुर नगरपालिकाले नगर क्षेत्रका विद्यालयहरूमा, 'स्थानीय सरकार'-को हैसियतले लागू गर्न, आफ्नो नगर क्षेत्रका उल्लेख्य विषयहरूका परिचय र विशेषता बारे आफ्नै पहलमा 'स्थानीय पाठ्यक्रम (भद्रपुर सेराफेरो) सन्दर्भ पुस्तिका' जस्तो अबोधगम्य असरल्ल नाममा तीन पटक प्रकाशमा ल्याउने 'फजुल खर्ची' जमर्को गरेको हल्ला पनि सुनिएको थियो । यदि सो हल्ला सत्य हो भने अथवा भद्रपुर नगरपालिकाले साँच्चै त्यस्तो पाठ्य-पुस्तक आफ्नो क्षेत्रका विद्यार्थीहरूलाई अनुकम्पा गर्न चाहेको थियो वा हो भने अथक तथ्यांक संकलक तथा सिद्धहस्त अक्षर सर्जक गोपाल गिरीकृत प्रस्तुत पुस्तक 'सदरमुकाम भद्रपुरको गाथा'-लाई त्यस ठाउँमा स्थापित गरे राम्रो हुने हो । तर, श्रोत र कर्मचारी-जनशक्तिको पौलो भएको नगरपालिकालाई त्यसो गर्न सहज नहुने अवस्थाको पूर्वाभास पनि यसै घटनाको पूर्वदीप्तिले दिइरहेको हुँदा यो पुस्तकको सम्यक मूल्यांकन प्रभावित नहुने अवस्था पनि छैन !

यस्तो, विषयलक्षित र विषयानुबन्धित सिर्जनाको पूर्ण-पुस्तक (अफउभितभ दययप) समाजलाई ( प्रकारान्तरले, राष्ट्रलाई) दिने सहधर्मी गोपाल गिरीको, यस कर्मभूमिका प्रतिको आत्मनिवेदित र स्वत:स्फूर्त सदाशयी सोचको, आभ्यन्तरिक प्रशंसा गर्दछु । इत्यलम् ।

## संस्कार, संस्कृति र जीवन-दर्शन






❑ डा. प्रेम खत्री

### अब मृत्युबारे केही चर्चा गरौं

क्रमागत: जीवित प्राणीको मृत्यु निश्चित छ । सबै धर्मले मृत्युको घटनालाई विशेषरूपले लिने शास्त्रीय प्रावधान राखेका छन् । ती प्रावधानमा मानिसले आफ्ना स्वार्थ र इच्छा अनुकूल विविध व्यवहार थप वा घट गरी विविध संस्कारको रचना र आयोजना गर्छ । धार्मिक कर्मकाण्ड र प्रचलन अनुसार मृत्युसित सम्बन्धित कर्महरू पुरा हुन्छन् । मानिस मरेर गए पनि उसको आत्मा नमर्ने हुनाले मरेर गएकालाई असल गति दिनु पर्छ भन्ने मान्यता हामीकहाँ विद्यमान छ । सबै धर्ममा आफ्नो परिवार र कुलको चलन अनुसार विज्ञ वा पुरोहित राख्ने चलन छ । नेपालका हिन्दु समाजमा ब्राह्मण र बौद्ध समाजमा जाति अनुसार आफ्ना विज्ञ वा वज्राचार्यले पुरोहितको भुमिका निर्वाह गर्छन् । यसरी पुरोहितको सेवा लिनुको तात्पर्य हो मरेर गएकालाई शास्त्रीय ढङ्गले असल गति दिनु र बाँचेकालाई उसको आत्माले दुख दिनेछैन भन्ने सुनिश्चित गर्नु ।

मृत्युलाई सहजरूपले वरण गर्नुपर्छ भन्ने हिन्दु, बौद्ध र हामी कहाँ प्रचलित विश्वास-मतहरूमा पनि पाइन्छ। एउटा बौद्ध कथा अनुसार बुद्धका प्रिय पात्र भिक्षु सारिपुत्तले निर्वाण गति प्राप्त गर्नुभयो । बौद्ध भिक्षुवृत्तमा सर्वत्र शोक छायो । यस्तो अवस्थामा बुद्धले भन्नुभयो मृत्यु अवश्यम्भावी छ भन्ने थाहा पाएपछि त्यस बाट शोकाकुल हुनु हुँदैन । वरू सबैले सारिपुत्र जस्तै शिलवान बन्ने प्रयत्न गर्नुपर्छ । भिक्षुहरू, सबैले आफ्नो शरणमा जानुपर्छ । आफ्नो ज्योति आफैं हुनुपर्छ अप्प दीपो भव: ।

मृत्युबारे प्रसिद्ध साहित्यकार प्राध्यापक अभि सुबेदीको विचार कान्तिपुर दैनिक (२०६९।०३।२५) मा प्रकाशित छ। उहाँ भन्नुहुन्छ, 'मरणशीलताले वैराग्य, दु:ख, भयानक शोक अनि दर्शन जन्माउँछ । चित्त दुख्ने, छिया हुने, भक्कानिने वा स्तम्भित हुने घटना पनि हो मृत्यु। केही व्यक्तिको मृत्युमा वलिन्द्र धारा बगाएर केही विलौनासहित वा मौन किसिमले रूने मानिस र गइसकेको मानिसको बीचमा एउटा जीवन र अवसानको पुल बनिन्छ ।

यही जीवन दर्शनमा जीवन र जगत चलेको छ ।

मृत्यु लगायत सबै संस्कारहरूमा पुरोहितको भुमिका महत्त्वपूर्ण छ। यी कार्यमा पुरोहित को हुने ? यो निकै महत्त्वको विषय हो। यो जातिहरूको आआफ्नो परम्परा र चलनमा भर पर्छ तर तोकिएको व्यक्तिले पुरोहितको भुमिका ता पुरा गर्ने पर्छ । उसले मात्र शास्त्रका पद्धति बुझेको छ र उसले नियम अनुसार सबै काम पुरा गर्ने हुनाले कर्तालाई कुनै दोष लाग्दैन, कर्मको फल प्राप्त हुन्छ भन्ने मान्यता हो ।

तराईका विविध जातिमा संस्कार पुरा गर्दा हजामलाई पुरोहित मान्ने प्रचलन छ । केश, नङ आदि काटेर शरीरलाई सफा स्वस्म दिनुबाहेक हजामको अरु कर्मकाण्डिय क्षमता देखिँदैन तापनि तराईका धेरै जातिहरूले विविध कार्यमा उसलाई बोलाउने र मृतकका नाममा सक्दो दानदक्षिणा दिने गरेका छन् । सिंधुली कमलाखोंचका दनुवारहरू मृत्युका क्रियाकर्ममा हजाम प्रशन्न नभएसम्म उसलाई थप दान र दक्षिणा दिइरहन्छन् । यसो नगरे मृतकको आत्मालाई अशान्ति हुन्छ भन्ने विश्वास छ ।

पहाडका शेर्पा, भोटे, तामाङ आदि हिमाली जातिमा पनि यस्ता अवसरमा गाउँको लामालाई प्रशन्न पार्न ठूलै कसरत र खर्च गर्नुपर्छ । लामा पुरोहित खुसी नभई घरबाट लास नै उठाउन मिल्दैन । घरपरिवारमा मृत्युले ल्याएको सन्तापमा लामा पुरोहितको माग पूरा गर्नुपर्ने वाध्यताले गरिव परिवारलाई थप थिचेको घटना सुन्न पाइन्छ ।

वास्तवमा नेपाली सभ्यताको विकासक्रममा बौद्धिक आर्थिक सामाजिक धार र गैर-बौद्धिक धारको समानान्तर विकास हुँदा नेपाल पनि दुवै धारको संगमस्थल रहेको थियो। सिन्धुघाटीको सभ्यतापछि आर्यहरूको सभ्यता गङ्गाको मैदानबाट पूर्व तथा उत्तरतिर फैलिएको र उत्तर भारत हुँदै नेपालमा प्रवेश गरेको विश्वास गरिन्छ। यो ई.पू. दोस्रो सहस्त्राब्दीको अन्तिम गोपालवंशको राज्य प्रणालीसित देखा पर्‍यो। पछि किराँतहरूको पतनपछि पुन: यो धार समृद्ध भएर गयो। गैर -आर्य सभ्यताको धारचाहिँ सिन्धवाट पूर्वमा हिमाली र उच्च पहाडी क्षेत्र र दक्षिणमा विन्ध्यपर्वतबाट दक्षिणका क्षेत्रमा विस्तारित र संरक्षित भएको मानिन्छ । क्रमश:

## कमलका किसानको अनुदान, सहुलियत र छुट माग

**कमल**/ कृषि तथा पशुपालनको पेशालाई सहज र उन्नत बनाउन आवश्यक अनुदान, सहुलियत तथा सुविधा प्रदान गर्न भन्दै अखिल नेपाल किसान महासंघ कमलले झापाको कमल गाउँपालिका समक्ष विभिन्न मागहरु गरेको छ । महासंघ कमलका अध्यक्ष डम्बरबहादुर निरौलाको नेतृत्वको टोलीले गाउँपालिका अध्यक्ष हुकुमसिंह राईलाई पालिका कार्यालयमै पुगेर यस्तो माग गरेको हो । मंगलबार अध्यक्ष राईसंगको भेटमा किसान महासंघले पालिकाभरिका किसान तथा पशुपालक किसानहरुको तर्फबाट विभिन्न माग प्रस्तुत गरेको हो । महासंघले किसानहरुलाई समयमै रासायनिक मल उपलब्ध गराउन पहल गरिनुपर्ने, उन्नत जातको धानको बीउमा ५० प्रतिशत छुटको व्यवस्था गरिनुपर्ने, खाद्यबाली तथा बैमौसमी तरकारी खेतीका लागि बाली बिमाको व्यवस्था गरिनुपर्ने, सिंचाईको बिलको सबै महशुल शतप्रतिशत तिर्ने व्यवस्था गर्नुपर्ने, कृषि उपजको बजारको ग्यारेन्टी गरिनुपर्ने, रासायनिक मलको ठाउँमा प्राङ्गारिक तथा जैविक मलको व्यवस्था गरिनुपर्ने, टनेल र स्प्रे ट्याङ्की शतप्रतिशत अनुदानमा वितरण गरिनुपर्ने, लसुन, मेथी र धनियाजस्ता मसलाजन्य बालीमा ५० प्रतिशत अनुदान दिनुपर्ने र शितभण्डारका लागि बजेटको व्यवस्था गरिनुपर्ने माग अघि सारेको छ ।

त्यसैगरी पशुतर्फ पशु बिमा पूर्ण नि:शुल्क गर्नुपर्ने, उन्नत नश्लको सिमेनको इआई नि:शुल्क गर्नुपर्ने, लोकल, लेयर्स र ब्रोइलर कुखुराको बिमा नि:शुल्क गर्नुपर्ने, अण्डा र मासुको बजारको ग्यारेन्टी गर्नुपर्ने, सानो ह्याचिङ मेशिन नि:शुल्क उपलब्ध गराउनुपर्ने, पशुमा लाग्ने खोरेत चरचरे र भ्यागुत्ते रोगको खोप नि:शुल्क गर्नुपर्ने, कम लागतमा पोषिलो घाँसको बिउ उपलब्ध गराउनुपर्ने, मौरीको घार र प्राविधिक ज्ञान नि:शुल्क गरी बजार व्यवस्थापन गर्नुपर्ने, ५० प्रतिशत अनुदानमा माछाका भुरा उपलब्ध गराउनुपर्ने, सार्वजनिक नदीखोलाहरुमा विषादी प्रयोग गरेर माछा मार्ने काम बन्द गरिनुपर्ने, भुस्याहा कुकुरको वर्षेनी बन्ध्याकरण गरिनुपर्ने र रेबिजविरुद्धको खोप लगाउनुपर्ने, पशुमा लाग्ने लम्पी स्किनको नि:शुल्क औषधी समयमै गर्नुपर्ने र उन्नत जातका बाछाबाछी, पाठापाठी र बंगुरसमेतको बिऊ सहजरुपमा वितरण गरिनुपर्ने लगायतका मागहरु त्यस अवसरमा अध्यक्ष राई समक्ष पेश गरिएको किसान महासंघ कमलका अध्यक्ष निरौलाले जानकारी गराए । आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम र बजेट निर्माण भइरहेका बेला कमलका किसानहरुले किसान महासंघको अगुवाईमा यस्तो माग गरेका हुन् । अध्यक्ष निरौलाले आगामी बजेटमा कमलका किसान तथा पशुपालक किसानहरुलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्न र सोही अनुसारको कार्यक्रम ल्याउन पनि त्यसअवसरमा माग गरे ।

कमलका अध्यक्ष राईको कार्यकक्षमा भएको सो भेटमा प्रमुख प्रशासकीय अधिकृत केशवकुमार ढकालगायत पालिकाका उच्च पदस्थ कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो । मागहरुका बारेमा सुनिसकेपछि अध्यक्ष राईले नेपाल कृषिप्रधान देश भएकाले कमल गाउँपालिकामा पनि सो क्षेत्रलाई उत्तिकै महत्व दिइँदै आएको र आगामी दिनमा पनि त्यो परम्परामा कमी आउन नदिने साथै सकेसम्म आगामी बजेटमा पूरा हुनसक्ने कुराहरुलाई समेटिने वचन दिएको जानकारीमा आएको छ ।

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा

विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।

साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।

प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

## कविता

♦ ओमप्रकाश गौतम




आहा ! मेरो प्यारो झोला
जो मैले शैशवकालदेखि
अहिलेसम्म बोकिरहेको छु
त्यो झोलाभित्र मेरा शैक्षिक सामग्रीदेखि कापीकिताब
पेन्सिल , डटपेन , ज्यामितिबक्स थिए
म त्यही झोला कहिलेकाही परीक्षण गरिरहन्थे
कतै सामान पो हरायो कि
लेखिएका पानाभित्रका शब्द चोरिए कि
इतिहासका कुराहरु मेटिए कि
यिनै कुरामा मेरो दिमाग केन्द्रित हुन्थ्यो
कहिले सपनामा त कहिले बिपनामा बर्बराउथे
उहीं झापा दमकको पृथ्वी माबि
हिमाबि, दमक बहुमुखी क्याम्पस पढ्दा ताका भिरेका
अनगिन्ती झोलाभित्रका राजनीति मार्गहरु
आज सबै कता हराए कता ?
हिजोआज खोजिरहन्छु
केरिरहन्छु
ती मेरा निस्वार्थ पाइलाहरु
झापादेखि कान्तिपुरी नगरीसम्म
झोलाभित्रै दस्तावेजहरु गुनगुनाउथे
असल र कर्तव्यनिष्ठ मान्छेहरुको हुल कराइरहन्थे
राता र काला डोबहरु बेस्सरी आवाज मुखरित गर्थे
म सुनिरहथे कहिले सिंहदरवार त कहिले बालुवाटार
योग्यताका ठेलीहरु त्यही झोलाभित्रबाट निकाल्थे
जागिरका लागि निवेदन लेख्न
झोलाबाट सेतो पन्नामा ब्यक्तिगत विवरण भर्थे
तर उतिबेला जागिर पाउन मुस्किल थियो
सबै दलका नेताहरुका पुजारी हुन्थे उनैले पाउथे
जागिर
म बबुरो अवाक हुँदासम्म झोलाबाटै प्रमाणपत्र
निकाल्न छोडदिन थे
किनकि मलाई कसैको आशा थियो
पक्कैपनि म जागिरे हुन्थे होला
तर हुन सकिन
अनि
फेरि त्यही झोलाभित्रै राख्थे चारित्रीक
प्रमाणपत्रहरु
मेरो प्यारो झोला कति इमानी थियो
बेइमानहरुलाइ सबक सिकाउने मार्गदर्शक थियो
समाजवाद , साम्यवाद , राष्ट्रवाद , बहुलवाद
रटान गरिरहने पुस्तक त्यही झोलामा थियो
त्यही भएर म झोलाभित्रको झोले थिए
मलाई झोला मनपर्थ्यो
पटकपटक खोलिरहन्थे झोला
मेरो प्यारो झोला
मलाई दलको झोले नबनाउनु ल
मैले झोले चिनिसकेको छु
को असली को नक्कली
विद्यार्थीकालमै चिनिसकेको छु
देशभक्त झोला अझै बोकिरहन्छु
त्यही भएर त मलाइ झोले होइन
मेरो प्यारो झोला मनपर्छ ।




आज मिति
२०८२ साल
जेठ २२ गते
बिहीबार
5 June. 2024
तिथि: दशमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | आज धन लाभको समय छ । उत्तम खाना । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | दिनभरीको कमाई राम्रो । बोलीले केही समस्या । |
| मिथुन | का कि कु घ ङ छ के को हा | व्यवसायबाट धन लाभ । आफन्तबाट सहयोग । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | कार्यमा सफलता । धन लाभ वा लगानी उठ्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | धर्ममा रुचि । आय बढ्ने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मनमा अशान्ति, रोगको भय । सामान्य धन लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | व्यवसायबाट राम्रो लाभ । लगानी उठ्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | पुरुषार्थले धन लाभ । मावलीको सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | सामान्य धन लाभ । साझेदारी कामबाट लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | पारिवारमा केही समस्या । सामान्य धन लाभ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आज बेलुकासम्ममा धन लाभ । कार्यमा सफलता । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | अकस्मात धन लाभ । पढाईमा रुचि । |

# महावीर पुनलाई उर्लाबारी नगरपालिकाको स्वागत



**उर्लाबारी/** उर्लाबारी नगरपालिकाले राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष एवं सामाजिक अभियन्ता महावीर पुनलाई स्वागत गरिएको छ। वीरगन्जमा कृषि औजार कारखाना सञ्चालन गर्ने उद्देश्यले राष्ट्रिय आविष्कार केन्द्रले उनको जीवनीमा आधारित रहेर प्रकाशन गरेको पुस्तक 'महावीर पुन: सम्झना, सपना र अविरल यात्रा' पुस्तक बेच्ने अभियानमा उर्लाबारी आइपुगेका वैज्ञानिक पुनलाई उर्लाबारी नगरपालिकाले स्वागत गरेको हो ।

बुधबार नगरपालिका कार्यालयको सभाहलमा कार्यक्रम गरी महावीर पुनको योगदान र उद्देश्यका बारेमा चर्चा गरिएको थियो । सो अवसरमा कार्यवहाक नगरप्रमुख मीना खतिवडा पौडेलले कृषिमा आश्रित नेपाली जनतालाई कृषि औजार लगायतका उपकरण उत्पादन गर्ने महान् लक्ष्य बोकेर देशमै केही गर्छु भनेर हिँडेका वैज्ञानिकको अभियानमा उर्लाबारी नगरपालिकाको साथ र समर्थन रहेको बताउनुभयो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अभयकुमार गुप्ताले स्वागत मन्तव्य राख्दै विश्वमै नेपालको गौरव बढाउन सफल वैज्ञानिक पुनबारे प्रत्यक्षरूपमा साक्षात्कार हुन पाउँदा खुसी महसुस भएको बताउनुभयो । महावीर पुनले कार्यक्रमको औचित्यबारे बोल्नुहुँदै वीरगन्जमा कारखाना सञ्चालन गरी आयात न्यूनीकरण गर्ने, युवालाई हौसला र प्रेरणा प्रदान गर्ने र आमनेपाली नागरिकलाई मातृभूमिका लागि योगदान गरी समृद्ध बनाउने तीन उद्देश्यका साथ किताब बेच्दै हिँडेको प्रष्ट पार्नुभयो । सो अवसरमा नगरपालिकाका कर्मचारीहरुले एकरएक थान पुस्तक खरिद गरी पुनको अभियानलाई प्रोत्साहन गरेका थिए ।

# भारतमा कोराना: ४४ जनाको मृत्यु

**झापा/** दक्षिणी छिमेक भारतमा कोरोना भाइरसका नयाँ संक्रमितको संख्या दिनहुँ बढ्दै गएको छ । पछिल्लो रिपोर्टअनुसार मंगलबार मात्र ३ सय नयाँ कोरोना सङ्क्रमणका केसहरु पुष्टि भएका छन् । भारतीय सञ्चार माध्यमका अनुसार तीमध्ये सबैभन्दा धेरै गुजरातमा १०८ र महाराष्ट्रमा ८६ केस भेटिएका छन् । यससँगै भारतभर सक्रिय सङ्क्रमितको सत्या ४ हजार ३ सय २ पुगेको छ ।

हालसम्म भारतका २७ वटा राज्य तथा केन्द्र शासित प्रदेशमा कोरोना फैलिसकेको छ । ९ वटा राज्यहरुमा हालसम्म कुनै पनि सङ्क्रमित नभेटिएको जनाइएको छ । सबैभन्दा बढी १ हजार ३ सय ७३ सक्रिय केस केरला राज्यमा भेटिएका छन्, जुन सबैभन्दा प्रभावित राज्य बनेको छ । त्यसपछि ५ सय १० सक्रिय केससहित महाराष्ट्र दोस्रो स्थानमा छ ।

नवरीदेखि देखा परेको कोरोना भाइरसका नयाँ भेरियन्टहरुले हालसम्म देशभर ४४ जनाको ज्यान लिइसकेको छ । तीमध्ये ३७ जनाको मृत्यु पछिल्ला ५ दिनमा मात्र भएको हो ।

मंगलबार मात्रै महाराष्ट्रमा ४ जनाको मृत्यु भएको पुष्टि गरिएको थियो । जससँगै यस राज्यमा मृत्यु संख्या १४ पुगेको छ । दिल्ली, गुजरात र तमिलनाडुमा पनि एक-एक जनाको मृत्यु भइसकेको छ ।

# मोरङको ग्रामथानबाट गाँजासहित २ जना पक्राउ

**उर्लाबारी/** मोरङको ग्रामथानबाट प्रहरीले बुधबार दिउँसो ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ । प्रहरीले ग्रामथान गाउँपालिका-७ कलाबन्जार चोकबाट ३ सय ४७ किलोग्राम १ सय १० ग्राम गाँजा बरामद गरेको हो । गाँजाको ओसारपसार र कारोबारमा संलग्न भारतीय नागरिकसहित २ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारतको अररिया जिल्ला प्रर्वाहाका ३२ वर्षीय विकासकुमार साहु र मोरङको जहदा गाउँपालिका-५ का ३० वर्षीय राजेशकुमार कामत रहेका छन् । इलाका प्रहरी कार्यालय हरैँचाबाट खटिएको सई नीरबहादुर खड्का नेतृत्वको टोलीले दुवै जनालाई मंगलबार राति ११:४५ बजेतिर नियन्त्रणमा लिएको हो ।

प्रहरीले पक्राउ गर्दा उनीहरू प्रदेश १-०४-००१ प ९८३५ नम्बरको मोटरसाइकलमा सवार थिए । प्रहरीका अनुसार कामत मोटरसाइकल चालक हुन् । मोटरसाइकल रोकेर बसिरहेको शंकास्पद अवस्थामा नियन्त्रणमा लिएर प्रहरीले सोधपुछ गर्दा उनीहरूले गाँजा लुकाएर राखेको पत्ता लागेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले जानकारी दिए ।

डीएसपी जोशीका अनुसार साहु र कामतलाई नियन्त्रणमा लिइएको स्थानबाट करिब ३ सय मिटर उत्तरमा 'ह्युम पाइप'मा लुकाएर राखिएको अवस्थामा गाँजा बरामद भएको हो । प्लाष्टिक र बोराका १२ वटा पोकामा 'प्याक' गरेर लुकाइएको अवस्थामा गाँजा फेला परेको उनले बताए ।

जोशीका अनुसार गाँजा बरामद गरेर तौल गर्दा ३ सय ४७ किलो १ सय १० ग्राम थियो । बरामद भएको गाँजा र नियन्त्रणमा लिइएको मोटरसाइकलसहित दुवै जनालाई इलाका प्रहरी कार्यालय बेलबारीमा राखेर थप अनुसन्धान अघि बढाइएको जानकारी उनले दिए । पक्राउ परेकाविरूद्ध लागुऔषध ऐनअन्तर्गतको मुद्दा चलाउने प्रहरीको तयारी छ ।

# दमक ६ का विपन्न परिवारलाई खाद्यान्न सहयोग

**दमक/** दमक नगरपालिका वडा नं. ६ का विपन्न परिवारलाई खाद्यान्न वितरण गरिएको छ । वडाभित्र रहेका आर्थिक विपन्न, दलित र पिछडिएका वर्गलाई वार्षिक कार्यक्रममा अन्तर्गत २५ परिवारलाई चामल, नुन र तेल वितरण गरेको हो । वडामा रहेका आर्थिक अवस्था कमजोर रहेका परिवारहरूलाई राहत पुऱ्याउने उद्देश्यले राहत वितरण गरिएको वडा अध्यक्ष टेकबहादुर थापाले बताए । उनले यस्ता प्रकारका कार्यक्रमले आर्थिक समस्यामा परेका नागरिकहरूलाई केही हदसम्म राहत पुग्ने भएकाले आगामी दिनमा पनि कार्यक्रमलाई निरन्तरता दिने बताए ।

कार्यक्रममा वडा नम्बर ६ की वडा सदस्य कमला बस्नेत खातीले यसअघि वडाले सीपमूलक कार्यक्रमहरूमा प्राथमिकता दिँदै आएको भएपनि यस पटकको समितिको निर्णयअनुसार खाद्यान्न वितरण गरिएको बताईन । वडाले खाद्यान्न वितरणमा छुट्याएको २ लाख रूपैयाँ बजेटले राहत वितरण गरेको उनको भनाई छ । वडाले खाद्यान्न वितरण गर्दा आफूहरूलाई ठूलो राहत पुगेको लाभग्राहीमध्येकी कमला रणपहेलीले खुसी व्यक्त गरिन् ।

## *खुले लगत्तै भेडेटार-रवि-राँते सडक अवरुद्ध*

*धनकुटा/ अविरल वर्षाका कारण अवरूद्ध भेडेटार रवि राँके सडक खुले लगत्तै फेरि पहिरोले अवरूद्ध भएको छ ।धनकुटाको साँगुरीगढी गाउँपालिका-५ को लुम्फाजुङमा झरेको ठूलो पहिरोले भेडेटार-रवि-राँके सडक खण्ड अन्तर्गत भेडेटार-डाँडाबजार सडक मंगलबार बिहानदेखि अवरूद्ध भएको हो ।*

*शुक्रबार राति परेको भारी वर्षाले भेडेटार-रवि-राँके सडक अन्तर्गत साँगुरीगढी गाउँपालिका-५ डाँडाबजार, लुम्फाजुङ, कुहिभीर र ढाडेडाँडामा पहिरो गएको थियो । जसका कारण उक्त सडक अवरूद्ध बनेको थियो । पहिरो पन्छाएर सोमबार अपराह्नदेखि सञ्चालनमा आएको सडक गए राति लुम्फाजुङमा ठूलो पहिरो खसेर अवरूद्ध भएको प्रहरीले जनाएको छ । साँगुरीगढी गाउँपालिकाका अध्यक्ष जितेन्द्र रूम्दाली राईले भेडेटार-रवि-राँके सडक अन्तर्गत डाँडाबजार नजिक लुम्फाजुङ्मा ठूलो पहिरोका कारण अवरूद्ध भएको जानकारी दिए । उनले सडकको पहिरो नहटाउन्जेल वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने बताएका छन् । निर्माणाधीन भेडेटार-डाँडाबजारको दुरी करिब १२ किलोमिटर रहेको छ । सडकको चौडाहा फराकिलो गर्न माटो कटिङ्को काम धमाधम भइरहेको छ । वर्षा हुने वित्तिकै पहिरो खस्ने र वाटो अवरूद्ध हुने गरेको छ ।*

# वर्षामा गोलिया काठ निकासीमा प्रतिबन्ध

**ताप्लेजुङ/** ताप्लेजुङका स्थानीय तहले वर्षायाम सुरू भएसँगै गोलिया काठ निकासी तथा ओसारपसार गर्न प्रतिबन्ध लगाउन थालेका छन् । बर्खायाममा वजनदार ट्रक वा ट्याक्टरमार्फत गोलिया काठ निकासी गर्दा ग्रामीण सडक क्षतिग्रस्त हुने भन्दै स्थानीय तहले निकासी तथा ओसारपसार गर्न प्रतिबन्ध लगाउन थालेका हुन् ।

सदरमुकामस्थित फुङ्लिङ नगरपालिकाले जेठ १५ देखि आगामी भदौ मसान्तसम्म गोलिया निकासी गर्न प्रतिबन्ध लगाएको छ । नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रकाश पौडेलले सूचना जारी गर्दै वर्षाको समयमा हुन सक्ने बाढीपहिरोको जोखिम तथा मोटरबाटो क्षतिलाई न्यूनीकरण गर्न गोलिया निकासीमा प्रतिबन्ध लगाएको उल्लेख गरेका छन् ।

नगर कार्यपालिकाको निर्णय अनुसार मुख्य सडकबाहेक नगरपालिकाभित्रका ग्रामीण तथा कृषि सडकमा आगामी भदौ मसान्तसम्म गोलिया काठ निकासी, ओसारपसार र ढुवानी गर्नमा प्रतिबन्ध गरिएको सूचनामा उल्लेख छ । ताप्लेजुङमा ग्रामीण तथा कृषि सडक प्रायः कच्ची छन् । कच्ची अवस्थाका सडकमा बर्खामा वजनदार ट्रक तथा ट्याक्टरले सडक क्षतिग्रस्त भई यातायात सञ्चालनमा अवरोध पुग्ने हुँदा स्थानीय तहले बर्खा मौसममा गोलिया ओसारपसार गर्न प्रतिबन्ध लगाउने गरेका छन् ।

# रसायनिक मल खरिदका लागि झण्डै २९ अर्ब विनियोजन

**दमक/** सरकारले आगामी आर्थिक वर्ष २०८२-८३ का लागि रासायनिक मल खरिद गर्न ८७ करोड रूपियाँ बजेट वृद्धि गरेको छ । किसानलाई अनुदानमा मल उपलब्ध गराउन आउँदो वर्षका लागि बजेट बढाएर २८ अर्ब ८२ करोड रूपियाँ पुऱ्याएको हो । आउँदो वर्षका लागि रासायनिक मल खरिदको कोटा बढाएर छ लाख मेट्रिक टन पुऱ्याइएको छ । चालु आव २०८१-८२ मा पाँच लाख ५० हजार मेट्रिक टन मल खरिदका लागि २७ अर्ब ९५ करोड रूपियाँ विनियोजन गरिएको थियो । आगामी आवको बजेटमार्फत रासायनिक मलको आपूर्ति व्यवस्था सहज बनाउन थप ५० हजार मेट्रिक टन बढाइएको हो । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले रासायनिक मलको आपूर्ति व्यवस्था सहज पार्न बजेटसँगै खरिदको कोटा वृद्धि गरिएको जानकारी दिए ।

"वार्षिक ११ लाख मेट्रिक टन रासायनिक मलको माग छ," मन्त्री अधिकारीले भने, "माग अनुसार रासायनिक मल ल्याउन सक्ने अवस्था नहुँदा प्राङ्गारिक मल उत्पादनका लागि समेत बजेट व्यवस्था गरिएको छ ।"

आगामी आवका लागि माटोको गुणस्तर कायम राखी उत्पादकत्व वृद्धि गर्न प्राङ्गारिक कृषि प्रवर्धन कार्यक्रमका लागि ४० करोड विनियोजन गरिएको छ ।

प्रत्येक वर्ष रासायिनक मल खरिद गर्नका लागि बजेट बढाए पनि अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा कोटा अनुसार मल खरिद गर्न नसकेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार चालु आवको साउनदेखि वैशाखको दोस्रो हप्तासम्म दुई लाख ७६ हजार ७०५ मेट्रिक टन मल आयात भएको छ । जसमा एक लाख ७१ हजार ८४७ मेट्रिक टन युरिया, ८९ हजार ५९२ मेट्रिक टन डिएपी र १५ हजार २६५ पोटास छ । ५७ हजार ९८७ मेट्रिक टन मल मौज्दात रहेको मन्त्रालयले जनाएको छ । कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनले मल आयात गर्ने गरेका छन् । सहकारी संस्थामार्फत किसानलाई मलको वितरण हुने गर्छ ।

नेपालमा मुख्य गरी बर्खे र हिउँदे बालीमा मलको प्रयोग गरिन्छ । धान बाली दुई सिजनमा लगाउने गरिन्छ । चैते र बर्खे गरी मुलुकभर १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफलमा धान खेती गरिन्छ । सात लाख हेक्टर क्षेत्रफलमा गहुँ र नौ लाख हेक्टर क्षेत्रफलमा मकै खेती गरिन्छ । सबैभन्दा धेरै धानबालीका लागि रासायनिक मलको प्रयोग हुने गर्छ । सरकारले बर्सेनि मल खरिदका लागि अनुदानको व्यवस्था गरे पनि माग अनुसार समयमा मल आयात नहुँदा धान रोप्ने बेला प्रत्येक वर्ष किसानले अभाव खेप्नु परेको छ ।

***विपद्*.....** रहेको जानकारी दिए । प्राधिकरणले यस वर्षको मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक तयारी तीव्र गरिएको र विभिन्न निकायलाई जिम्मेवारीसमेत तोकेको उनले बताए । उनले भने, 'सबै क्लष्टरलाई आपतकालीन अवस्थाका लागि पूर्ण तयारीसहित जिम्मेवारी तोकिसकिएको छ । विपद्का घटना भइहाले तत्काल परिचालन हुने गरी सबै तयारीका काम सकिएको छ । कोषमा मौज्दात रहेको रकम आपतकालीन अवस्थामा आवश्यकता अनुसार तत्काल परिचालन हुने उनले बताए ।

***राजसंस्था*.....** र हिन्दु राज्य पुन:स्थापनाको आन्दोलनले जनताको तहसम्म उत्साह भरिरहेको बेला संयोजक सुवेदीको कार्यशैलीले समस्या उत्पन्न गरेको बताए । उनले भने, 'नवराजजीको कार्यशैलीका कारण समस्या पैदा हुँदै गएको छ । शीर्ष चार नेता बसेर बेलैमा ती समस्या टुंग्याउनुपर्छ ।' अर्को चरणको आन्दोलन घोषणाका लागि बसेको बैठक विधि एवं प्रक्रिया नमिलाएर बैठकको मर्यादा ख्याल नगर्दा भाँडिएकोमा आफूलाई दु:ख लागेको श्रेष्ठ बताउँछन् । त्यसो त राजावादी आन्दोलनमा विभिन्न दल र समूहका आआफ्नै स्वार्थ र कार्यशैली देखिन्छ । वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणा पार्टीभन्दा सुवेदी नेतृत्वको समितिप्रति प्रतिबद्ध भइदिँदा असमझदारीहरू बढिरहेका छन् ।

आन्दोलन बढ्दै जाँदा जस र अपजसमा पनि राजावादी समूहहरूबीच द्वन्द्व बढ्दै गएको देखिन्छ । आन्दोलनको स्वामित्वमा पनि ती समूहहरू एकमत छैनन् । राप्रपा नेपालका अध्यक्ष कमल थापालगायत नेताहरूलाई पक्राउ गरेको विरोधमा आन्दोलन समितिले सल्लाह नै नगरी उपत्यका बन्द घोषणा गरिदियो । राप्रपा सोमबार राति नै बन्दप्रति आफ्नो संलग्नता नरहेको भन्दै अलग भयो । अन्ततः सुवेदी समूहले पनि बन्द फिर्ता लियो ।

***गृहमन्त्री*.....** प्रतिपक्षीको बैठकपछि तयार भएका थिए । त्यसरी गठन गर्ने समितिको स्वरूप, कार्यक्षेत्र शर्तमा बारे सरकारसँग छलफल गरेर मात्र निर्णय गर्ने उनीहरूको कथन रहेको थियो । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को आह्वानमा मंगलवार नयाँ बानेश्वरस्थित संसद् भवनमा बसेको विपक्षी दलहरूको बैठकले सो निर्णय गरेको थियो । बैठकपछि नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष महेन्द्र राय यादवले यसअघि गृहमन्त्री लेखकको राजीनामा नआएसम्म संसद् बैठक चल्न नदिने अडान विपक्षी दलहरूले राख्दै आएका थिए । 'गृहमन्त्रीमाथि गम्भीर आरोप छन् ।

उहाँ निर्दोष हुनुहुन्छ भने पनि छानबिनबाटै प्रमाणित हुनुपर्छ । त्यसका लागि उच्चस्तरीय न्यायिक वा संसदीय समिति आवश्यक रहेको छ', उनले भने - 'सत्तापक्ष त्यसका लागि तयार भएको कुरा संसद्बाट सार्वजनिक भए गृहमन्त्रीलाई बोल्न दिने सहमति भएको हो । तर, सरकार तयार नभए विरोध कायम रहनेछ । यो विपक्षी दलहरूको साझा निर्णय हो ।' छानबिन समितिको कार्यक्षेत्र कस्तो हुने भन्ने विषय छलफलबाट टुंग्याउन सकिने पनि अध्यक्ष रायको भनाइ रहेको छ । सरकारले जेठ १५ गते बजेट प्रस्तुत गरिसकेपछि सो विषयमा छलफल अघि बढाई त्यसलाई पारित गराउन आवश्यक प्रक्रिया अघि बढाउनेमा सत्तापक्ष र विपक्षी दलको अडानले गर्दा संसद् चालू नभएपछि सो प्रक्रिया अवरुद्ध बनेको थियो ।

यसबारे जिम्मेवारी लिन र जनाउन प्रधानमन्त्रीले सदनमा आएर प्रतिबद्धता व्यक्त गर्नुपर्ने माग विपक्षी दलले अघि सारेका थिए । विपक्षी दलको बैठकले राखेका शर्तहरू नै सभामुख देवराज घिमिरेलाई सुनाएका थिए । यसैबीच प्रतिनिधिसभाको अवरोध हटाउन सभामुख देवराज घिमिरेले गृहकार्य अघि बढाएका थिए । यस विषयमा सभामुखले प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेसँग छलफल गरेका थिए तर ति कुनै छलफल निस्कर्षमा नपुग्दा बुधबारको बैठक पनि नबसी बिहीबारको बैठकको सूचना टाँस गरेर सकिएको हो ।

***कोशीका*....**

अधिकार सुरक्षित रहेको भन्दै उनीहरु राजावादी आन्दोलनमा लागेका थिए । पछिल्लो समयमा राजावादीको आन्दोलन भइरहेको बेला रास्वपाले कित्ता क्लियर नगरेको भन्दै प्रश्न उठिरहेको बेला राजावादी आन्दोलनमा लाग्नेमाथि कार्वाही गर्दै रास्वपाले आफू गणतन्त्रको पक्षमा रहेको स्पष्ट सन्देश दिएको छ ।

कार्वाहीमा परेका मैनाली गर्न प्रतिनिधिसभा निर्वाचनमा सुनसरी क्षेत्र नम्बर ३ बाट उम्मेदवार थिए । कार्वाहीमा परेकाहरुले यसअघि पार्टीको कार्वाहीमा परेका महामन्त्री डा.मुकुल ढकालको पक्षमा पैरवी गर्दै आएका थिए ।

***स्थानीय*.....** सीपका विषयमा विज्ञ काशीराज दाहालले कार्यपत्र प्रस्तुत गर्ने छन् । यस्तै गरी वित्तीय संघीयतालाई संस्थागत गर्न स्थानीय तहको भूमिका तथा प्रयासका विषयमा डा. गोपिनाथ खनाल र स्थानीय सरकार सञ्चालन र विकास प्रक्रियामा उपप्रमुख तथा उपाध्यक्षहरूको भूमिकाको विषयमा रमेश अधिकारीले कार्यपत्र प्रस्तुत गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

महानगरका प्रमुख नागेश कोइरालाले स्थानीय तहमा जनप्रतिनिधिहरूबीच सौहार्दपूर्ण वातावरण बनाउन र आन्तरिक द्वन्द्व न्युनीकरण गर्न सम्मेलन महत्वपूर्ण हुने बताए । उनले भने, 'संविधान र कानुनले परिभाषित गरेको जिम्मेवारीलाई सबैले ठिक ठिक ढंगले बुझ्ने र कार्यान्वयन गर्ने हो भने अहिले धेरै स्थानीय तहहरुमा देखिएका द्वन्द्वहरू स्वत: न्युनीकरण हुन्छन्, आˆनो अधिकार र सीमाहरू नबुझ्कै कारण समस्याहरू भएका हुन्, सबै जनप्रतिनिधि र कर्मचारीहरूको सुसम्बन्ध भएको मध्ये एउटा उदाहरणीय पालिका विराटनगर हो र हामीले यो सन्देश सम्मेलनमार्फत सबैतिर प्रवाह गर्न चाहेका छौं ।' विराटनगर महानगरपालिकाले सम्मेलनका लागि ४२ लाख रूपियाँ बजेट विनियोजन गरेको छ भने कोशी प्रदेश सरकारले १० लाख रूपियाँ उपलब्ध गराएको छ ।

***गौरादह*.....** कारणले तत्काल काम अघि बढाउने बताए । नगर उपप्रमुख जलवर्षा राजंबशीले बजेट नीति निर्माणमा सबै पक्षको सुझावलाई ध्यान दिइने उल्लेख गरिन् । नगरपालिकाका प्रमुख छत्रपति सुवेदीले नगरपालिकाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको बताएका थिए । उनले गौरादह नगरपालिका भित्रका मुख्य सडक यसै वर्ष भित्र कालोपत्रे गरिसक्ने प्रतिबद्धता जनाएका थिए । पुर्व न्युज मिडियाको सहजीकरणमा सम्पन्न कार्यक्रममा वडा र बस्ति स्तरबाट संकलन गरिएको नागरिक प्रतिवेदन पत्र र बहिगमित अभिमत प्रस्तुत गरिएको थियो ।

***पूर्वसभामुख*.....** आरोप लगाउँदै सापकोटासहित ६ जनाविरूद्ध २०६४ मा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिनुभएको थियो । तर, बाबुराम भट्टराई नेतृत्वको सरकारले २०६९ सालमा उक्त जाहेरीलाई तामेलीमा राख्ने निर्णय गरेको थियो । पूर्णिमायाले त्यसविरूद्ध २०६९ मंसिर ९ गते सर्वोच्चमा रिट निवेदन दर्ता गर्नुभएको थियो । काभ्रेका अर्जुन लामालाई २०६२ वैशाख १६ गते तत्कालीन माओवादीले अपहरण गरी हत्या गरेको आरोप छ ।


**Log on गर्नुहोस्**
**purbasandesh.com**
**EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्**



## झापा डाइग्नोस्टिकको सेवा

**रेडियोलोजिष्टको क्षेत्रमा लामो अनुभव प्राप्त गरी भरपर्दो सेवा प्रदान गर्दै आउनु भएका चिरपरिचित डा. तिलकचन्द्र शाहको भिडियो एक्सरे क्लिनिक (झापाडाइग्नोस्टिक) हिमाल फार्मेसीबाट दमक प्रहरी थाना अगाडि इसा कम्प्लेक्समा सरेको आम सेवाग्राहीमा जानकारी गराउँदछौं ।**

: सम्पर्क नम्बर:
**९७०४५४४८९९/०२३-५७७४१४**


सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. दमक-६ झापाको

## कर्जा नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०२।२२ गते बिहीबार पूर्वसन्देश दैनिक**

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको सावा, ब्याज, हर्जना र अन्य दै दस्तुर रकम समेत तिर्न बुझाउन पटक–पक मौखिक तथा लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।, तसर्थ यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा संस्थामा सम्पर्क राखि यस संस्थालाई तिर्नु- बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको सावा, ब्याज, हर्जना र अन्य दै दस्तुर रकम समेत) चुक्ता गर्नुहुन सुचित गरिन्छ । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम, कर्जा सम्झौताका शर्त तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम कर्जा सुरक्षण बापत राखेको तपशिल बमोजिमको घरजग्गा लिलाम बिक्री गरी कर्जा रकम असुल उपर गरिने ब्यहोरा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको नाम थर र ठेगाना | जमानत दिनेको नाम थर र ठेगाना |
|---|---|
| नाम- चित्रा खतिवडा<br>बाबु- भागवत प्रसाद सापकोटा<br>पति- खेमनाथ खतिवडा<br>ठेगाना- दमक-३, झापा<br>ना.प्र.नं.- ०४२०४४।३५९ झापा<br>जारी मिती- २०६४।०२।२४  | नाम- खेमनाथ खतिवडा<br>बाबु- नन्दीकेशर खतिवडा<br>बाजे- अगन्धर खतिवडा<br>ठेगाना- दमक-३, झापा<br>ना.प्र.नं.- २३११४२२४४, झापा<br>जारी मिती- २०५२।१२।२५  |

**धितो दिएको जग्गाको विवरण :** झापा दमक -२ (क)१, (हाल दमक-०३), कि.नं.५४९९ को क्षेत्रफल ०-३-६ जग्गा र सो जग्गामा बनेको ३ तले घर समेत ।

**सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
**दमक-६, नगरपालिका रोड, झापा (सम्पर्क : ०२३-५७५४०१/५७५६०१)**


**प्रधान सम्पादक/प्रकाशक:** गञ्जबहादुर दाहाल, **कार्यालय:** दमक-५, झापा, फोन: ०२३-५७०२७२/५८१७०७, **प्रबन्धक:** सुवासचन्द्र भट्टराई, **मुद्रण:** ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक:** खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट:** सुरेन बस्नेत